उच्च अदालत पाटन

वर्ष २ अङ्क १ इ-बुलेटिन असार २०८२

मुख्य न्यायाधीश नियुक्त

न्याय परिषदको मिति २०८२।२।३० को सिफारिस बमोजिम सम्माननीय प्रधानन्यायाधीश श्री प्रकाशमान सिंह राउत ज्यूबाट मिति २०८२।३।१ गते माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरलाई यस अदालतको मुख्य न्यायाधीश पदमा नियुक्त गरिएको छ।

उच्च अदालतका माननीय न्यायाधीशहरुमध्ये बरियतामा दोस्रो स्थानमा रहनुभएका श्री कुँवरले मिति २०८२।३।२ गते सर्वोच्च अदालतमा सम्माननीय प्रधानन्यायाधीश श्री प्रकाशमान सिंह राउत ज्यूबाट पद तथा गोपनीयताको सपथ लिएपश्चात सोही दिन उच्च अदालत पाटनमा मुख्य न्यायाधीशको रुपमा पदवहाली गर्नुभएको थियो। सोपश्चात यस अदालतमा भएको बधाई तथा शुभकामना कार्यक्रममा नवनियुक्त माननीय

मुख्य न्यायाधीश श्री कुँवरले सहकर्मी माननीय न्यायाधीशहरु तथा कर्मचारीहरुसमेतको सामूहिक प्रयासबाट यस अदालतले न्यायसम्पादनको क्षेत्रमा हालसम्मको उपलब्धि हासिल गरेकोले सबैलाई हार्दिक धन्यवाद दिदै आगामी दिनमा पनि यस्तै प्रकारको सहयोग रहिरहने अपेक्षा राखुभएको थियो। सो अवसरमा उपस्थित माननीय न्यायाधीशहरु तथा रजिष्ट्रारसमेतका कर्मचारीहरुले माननीय मुख्य न्यायाधीश श्री कुँवरलाई माला तथा खादा लगाई बधाइ तथा शुभकामना व्यक्त गर्नुभएको थियो।

मिति २०८१।२।३० मा न्याय परिषदबाट उच्च अदालतको मुख्य न्यायाधीश पदमा नियुक्ति तथा पदस्थापन सिफारिस हुनुभएका माननीय न्यायाधीशज्यूहरुः

क्र.सं.	नाम, थर र कार्यरत अदालत	सिफारिस गरिएको पद र अदालत
१	श्री राजनप्रसाद भट्टराई न्यायाधीश, उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्ज	मुख्य न्यायाधीश उच्च अदालत विराटनगर
२	श्री लालबहादुर कुँवर न्यायाधीश, उच्च अदालत पाटन	मुख्य न्यायाधीश उच्च अदालत पाटन
३	श्री हरिप्रसाद भण्डारी न्यायाधीश, उच्च अदालत विराटनगर, अस्थायी इजलास, ओखलढुङ्गा काजः उच्च अदालत तुलसिपुर	मुख्य न्यायाधीश उच्च अदालत सुर्खेत
४	श्री राजेश्वर तिवारी न्यायाधीश, उच्च अदालत तुलसीपुर, वुटवल इजलास	मुख्य न्यायाधीश उच्च अदालत तुलसीपुर

उच्च अदालत पाटन

न्यायिक सुशासन सम्बन्धी कार्यशाला सम्पन्न

मिति २०८२।२।२० गते न्याय परिषदको आयोजनामा उच्च अदालत पाटन, विशेष अदालत, श्रम अदालत, उपत्यका स्थित न्यायाधीकरण र उपत्यकाका जिल्ला अदालतहरुका माननीय न्यायाधीशहरू समेतको सहभागितामा न्यायिक **सुशासन र न्यायिक काम कारवाहीमा देखिएका कार्यविधिगत समस्या तथा समाधानका उपायहरु** विषयक एक दिवसीय कार्यशाला सम्पन्न भएको थियो।

सम्माननीय प्रधानन्यायाधीश तथा न्याय परिषदका अध्यक्ष श्री प्रकाशमान सिंह राउत ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सो कार्यक्रमको अध्यक्षता उच्च अदालत पाटनका माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले गर्नु भएको थियो। सो कार्यक्रममा सर्वोच्च अदालतका बरिष्ठतम् माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, न्यायपरिषदका माननीय सदस्यहरु श्री रामप्रसाद भण्डारी र श्री दामोदर खड्कासमेतको उपस्थिति रहेको थियो।उक्त कार्यक्रममा सम्बोधन गर्दै सम्माननीय प्रधानन्यायधीश श्री प्रकाशमान सिंह राउतले न्यायिक सुशासन कायम गर्न न्यायाधीशहरुले निरन्तर प्रयत्नशील रहनुपर्ने धारणा व्यक्त गर्दै सहभागी न्यायाधीशहरुलाई संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा न्यायसम्पादन गर्न र न्यायपालिकाको पञ्चबर्षीय रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्ने गरी कार्य गर्न निर्देशन दिनुभएको थियो। सो क्रममा सम्माननीयज्यूले न्यायिक कार्य सम्पादन गर्दा न्यायिक

गरिमा, न्यायिक मर्यादा, न्यायिक अस्मिता र न्यायिक प्रतिष्ठाको जगेर्ना गर्दै न्यायिक जनआस्था अभिवृद्धि गर्न सम्बद्ध सबै पक्ष साझा रुपमा क्रियाशील हुनु पर्ने धारणा राख्नु भएको थियो। उहाँले यस आर्थिक बर्षमा उपत्यकाका अदालतहरुले पुराना मुद्दाको फछ्र्यौटमा देखाएको प्रगतिले सकारात्मक सन्देश प्रवाह भएको धारणा राख्दै जनविश्वास अभिवृद्धि हुने गरी कार्य गर्न समेत निर्देशन दिनुभएको थियो। सम्माननीयज्यूले मुद्दाको समग्र व्यवस्थापन निश्चित प्रणालीमा आधारित बनाउन र पेशी व्यवस्थापनमा विशेष ध्यान दिन समेत निर्देशन दिनु भएको थियो।

सो कार्यक्रममा सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश श्री सपना प्रधान मल्लले स्वच्छ र न्यायोचित न्याय प्रणालीको निर्माण गर्नका लागि न्यायप्रतिको निष्ठा कायम राख्दै न्यायमा पहुँच अभिवृद्धि हुने गरी न्यायसम्पादन गर्न निर्देशन दिनुभएको थियो। सो क्रममा उहाँले न्यायिक कार्य सम्पादनलाई संख्यात्मक र गुणात्मक दुवै पक्षबाट हेरिनु पर्ने र न्यायिक जनशक्तिको क्षमता विकासमा थप कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता रहेको धारणा राख्नु भएको थियो।

उक्त कार्यक्रममा यस अदालतका माननीय कायममुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले **न्यायिक काम कारवाहीमा देखा परेका समस्याले न्यायिक सुशासनमा पारेको प्रभाव र समाधानका उपाय**को विषयमा र न्याय परिषदका सचिव श्री यमबहादुर बुढा मगरले **न्याय परिषदमा पर्ने उजुरी र अपेक्षित भूमिका**को विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उल्लेखित कार्यपत्र उपरको छलफलमा उच्च अदालत पाटनका माननीय न्यायाधीश श्री लेखनाथ पौडेल, विशेष अदालतका माननीय अध्यक्ष श्री टेकनारायण कुँवर, वैदेशिक रोजगार न्यायाधिकरणका माननीय अध्यक्ष श्री गोकर्ण डाँगी, काठमाण्डौ जिल्ला अदालतका माननीय न्यायाधीश श्री कमलप्रसाद पोखरेल, ललितपुर जिल्ला अदालतका माननीय न्यायाधीश श्री पुनराम खनाल र भक्तपुर जिल्ला अदालतका माननीय न्यायाधीश श्री बासुदेव न्यौपानेले आ-आफ्नो धारणा राख्नुभएको थियो। उक्त कार्यक्रमको सञ्चालन न्याय परिषद्का सहसचिव श्री अशोककुमार क्षेत्रीले गर्नु भएको थियो।

पूर्ण बैठक सम्पन्न

मिति २०८२।३।३ गते यस अदालतमा माननीय मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरसहित सम्पूर्ण न्यायाधीशहरुको उपस्थितिमा पूर्ण बैठक सम्पन्न भएको छ। मातहतका जिल्ला अदालतको निरीक्षणपश्चात तयार पारिएका निरीक्षण प्रतिवेदन उपर छलफल गरी पास गर्ने मुख्य उद्देश्यका साथ सम्पन्न भएको उक्त बैठकमा निरीक्षणमा जानुहुने माननीय न्यायाधीशहरुले आफूले निरीक्षण गरेका अदालतसमेतका निकायमा देखिएका समग्र विषयको बारेमा छुट्टाछुट्टै भनाईहरु राख्नुभएको थियो। अदालतमा रहेका म्याद तामेली, पुराना मुद्दा फछ्र्यौटमा गरेको प्रयास तथा हालको अवस्था, अन्य निकायसँग अदालतले गर्दै आएको समन्वय, अदालतको भौतिक तथा कर्मचारीको अवस्थासमेतका विषयमा आफ्नो सुझाबसहितको भनाई राख्नुभएको थियो।

सो क्रममा माननीय न्यायाधीशहरुले आफूले निरीक्षण गरेका भूमिसुधार तथा मालपोत कार्यालयमा रहेका मुद्दा तथा त्याहाँ हुने गरेका न्यायिक गतिविधिहरु, कारागार कार्यालयको भौतिक तथा कैदी/थुनुवाको अवस्थासमेतमा केन्द्रीत भई त्यस्ता निकायमा भएका गतिविधि तथा आगामी दिनमा गर्नुपर्ने कुराको बारेमा सुझावसहित आफ्ना भनाईहरु राख्नुभएको थियो। अन्त्यमा, माननीय मुख्य न्यायाधीश श्री कुँवरले सफलतापूर्वक निरीक्षण कार्य सम्पन्न गर्न सम्पूर्ण माननीय न्यायाधीशहरुले खेलेको भूमिकाप्रति उच्च सम्मान सहित धन्यवाद व्यक्त गर्दै प्राप्त भएका सुझावबमोजिम यसै अदालतबाट हुने सुधार तत्काल सुरु गर्ने र माथिल्लो अदालतबाट गर्नुपर्ने सुधारको लागि सोहीअनुसारको प्रयास गर्ने प्रतिवद्धता जनाउनु हुँदै उक्त बैठक समापन भएको थियो।

सार्वजनिक खरिद ऐन नियमसमेतका विषयमा अन्तरक्रिया

मिति २०८२।२।९ गते सार्वजनिक खरिद ऐन, नियम समेतसँग सम्बन्धित विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उच्च अदालत पाटनका माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा उच्च अदालत पाटनका माननीय न्यायाधीशहरु तथा रजिष्ट्रारसमेतका अन्य कर्मचारीहरु साथै सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव मुकुन्द निरौलासमेतका अन्य कर्मचारीहरुसमेतको उपस्थिति रहेको थियो। सो कार्यक्रममा कालोसूचिसम्बन्धी कानूनी व्यवस्था, उक्त कार्यालयबाट कालोसूचिमा राखिने प्रक्रियासमेतका सार्वजनिक खरिद सम्बन्धी ऐन नियममा भएका व्यवस्थाहरुको विषयमा सार्वजनिक खरिद अनुगमन कार्यायिका सहसचिव श्री रामबन्धु सुवेदीले तथा करार व्यवस्थापनका कानूनी व्यवस्थासमेतका विषयमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव श्री कृष्णराज पन्तले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रको प्रस्तुतिसँगै सहभागीहरु तथा कार्यपत्र प्रस्तुतकर्ताको बीचमा विशेषतः कालोसूचीको कानूनी व्यवस्था, कालोसूचिमा राखिने प्रक्रिया, करार व्यवस्थापनसमेतको विषयमा छलफल भएको थियो।

छलफलपश्चात माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री कुँवरले कालोसूचीका सम्बन्धमा भएका केही समस्याहरु नीतिगत तहबाटै सम्बोधन गर्न पहल गर्नुपर्ने, कालोसूचीमा राख्ने कार्य नागरिकसँगसमेत प्रत्यक्ष जोडिएका विषयहरु रहेकोले सन्तुलनमा कार्य गर्नुपर्ने भनाई राखुभएको थियो। अन्त्यमा, उपस्थित सहभागीहरु र उक्त कार्यक्रम सहजीकरणको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सो कार्यक्रम समापन गर्नुभएको थियो। कार्यक्रमको व्यवस्थापनमा सार्वजनिक खरिद अनुगमन कार्यालयले सहयोग गरेको थियो।

मासिक समीक्षा कार्यक्रम सम्पन्न

उच्च अदालत पाटनको चालु आ.ब. को बार्षिक कार्ययोजनाले बैशाख र जेठ महिनाको लागि निर्धारण गरेका लक्ष्य एवम् प्रगतिका सम्वन्धमा मिति २०८२।२।२ र २०८२।३।२ गते यस अदालतमा छुट्टाछुट्टै आन्तरिक समीक्षा कार्यक्रम सम्पन्न भयो। बार्षिक कार्ययोजनाले बैशाख र जेठ महिनामा क्रमशः कुल १०२६ र १०६८ थान मुद्दा फछ्र्यौंट गर्ने लक्ष्य लिएकोमा क्रमशः कुल ११५८ र १०७० थान अर्थात कुल लक्ष्यको क्रमशः ११२.८६ र १००.१८ प्रतिशत मुद्दा फछ्र्यौंट भएको थियो। यस अदालतका सम्पूर्ण माननीय न्यायाधीशहरु, रजिस्ट्रार तथा अन्य कर्मचारीहरुसमेतको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा बैशाख तथा जेठ महिनामा समेत सवैभन्दा बढी क्रमशः १५४ र १५३ थान मुद्दा फैसला गर्नुहुने माननीय न्यायाधीश श्री खडानन्द तिवारीलाई माननीय मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले खादा लगाएर धन्यवाद ज्ञापन गर्दै सम्मानसमेत गर्नुभएको थियो।

शाखा अधिकृत गोकर्ण शर्माको विदाई

उमेर हदका कारण अनिवार्य अवकाश हुनुभएका यस अदालतका शाखा अधिकृत श्री गोकर्ण शर्मालाई मिति २०८२/२/२७ गते यस अदालतका रजिष्ट्रार श्री श्रीलाल पौडेलसमेतको उपस्थितिमा विशेष कार्यक्रमको आयोजना गरी मायाको चिनो प्रदान गर्दै विदाई गरियो। मिति २०४५/२/१६ मा न्याय सेवाको विचारी पदवाट निजामती सेवामा स्थायी नियुक्ति हुनु भएका आचार्य उमेर हदका कारण मिति २०८२/२/२८ गतेबाट अनिवार्य अवकाश हुनुभएको थियो।

कानूनका विद्यार्थीसँग छलफल कार्यक्रम सम्पन्न

मेघा कलेज, कुमारीपाटी, ललितपुरमा कानूनतर्फ BALLB दोस्रो सेमेस्टरमा अध्ययन गर्ने विद्यार्थीहरुले मिति २०८२।२।२९ गते यस अदालतको अवलोकन/भ्रमण गर्नुभएको थियो। अदालतको अवलोकन पश्चात उक्त कलेजको अनुरोधमा भ्रमणमा आएका विद्यार्थीहरुलाई यस अदालतमा हुने मुद्दा दर्ता तथा सुनुवाइको प्रक्रियासमेत न्याय र कानूनका समग्र विषयमा जानकारी प्रदान गरिएका थियो। यस अदालतका माननीय मुख्य न्यायाधीश श्री लालबहादुर कुँवर, माननीय न्यायाधीश श्री मुनेन्द्रप्रसाद अवस्थी, रजिष्ट्रार श्री श्रीलाल पौडेलसमेतले विद्यार्थीहरुले उठाएका जिज्ञासालाई सम्बोधन गर्दै न्यायिक प्रक्रियाका बारेमा जानकारी दिनु भएको थियो। उक्त कार्यक्रममा उच्च अदालत पाटन, बार एकाईका सचिव प्रवल शर्मा समेतको उपस्थिति रहेको थियो।

प्रशिक्षण कार्यक्रम सम्पन्न

यस अदालतको बार्षिक कार्यक्रम अनुसार मिति २०८२।२।२ गते अदालतमा कार्यरत सबै फाँटका कर्मचारी तथा सुपरिवेक्षकहरुसमेतलाई फरक मुद्दा व्यवस्थापनसम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ। कार्यक्रमका प्रशिक्षक माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले फरक मुद्दा व्यवस्थापनको अवधारणा, प्रयोग, प्रयोगमा आएका तथा आउन सक्ने कठिनाईहरु, कार्यान्वयनमा आइपरेका व्यवहारिक समस्या र समाधानका लागि गर्नुपर्ने कार्यहरुसमेतका फरक मुद्दा व्यवस्थापनसँग सम्बन्धित समग्र विषयमा सहभागीहरुलाई कार्यपत्रमार्फत प्रशिक्षित गर्नुभएको थियो। यसैगरी रजिष्ट्रार श्री श्रीलाल पौडेलले फरक मुद्दा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन ध्यान दिनुपर्ने कुराहरुको सम्बन्धमा कर्मचारीहरुलाई प्रशिक्षण दिनुभएको थियो। कार्यपत्र प्रस्तुतिपश्चात सुरु भएको छलफल कार्यक्रममा सहभागीहरुबाट फरक मुद्दा व्यवस्थापन प्रणालीलाई व्यवहारमा कार्यान्वयन गर्दा आइपरेका समस्याहरुसमेतमा केन्द्रीत रही विभिन्न जिज्ञासा राख्नभएको थियो। अन्त्यमा प्रशिक्षक कायममुकायम मुख्य न्यायाधीश श्री कुँवरले योजनाले मार्गदर्शन गरेको फरक मुद्दा व्यवस्थापनलाई व्यवहारमा लागु गर्न कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहने हुँदा यस सम्बन्धमा भएका द्विविधाहरुमा स्पष्ट भई कार्यान्यवयन गर्नुपर्ने भन्ने समेतका निर्देशन दिएसँगै उक्त कार्यक्रम समापन भएको थियो।

भाषा सम्बन्धी तालिम

यस अदालतले कर्मचारीहरुको क्षमता विकास गर्ने सम्बन्धमा विभिन्न तालिम/प्रशिक्षणहरु प्रदान गर्दै आएको छ। सोही क्रममा मिति २०८२।२।१६ गते यस अदालतका कर्मचारीहरुलाई निजहरुको सीप विकासमा सहयोग पुग्ने गरी भाषा सम्बन्धी एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो। रजिष्ट्रार श्री श्रीलाल पौडेलसमेतको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा भाषा सम्बन्धी विशेषज्ञ श्री शरदचन्द्र वस्तीले

नेपाली भाषासँग सम्बन्धित बाक्यको संरचना, वाक्य भित्र राखिएका शब्दले वाक्यको अर्थ निर्धारण हुने हुँदा वाक्यमा गलत शव्द राख्न नहुने, वाक्य तथा शब्द कसरी शुद्ध लेख्ने भन्ने समेतका समग्र विषयमा आफ्नो कार्यपत्रसहित कर्मचारीहरुलाई प्रशिक्षण दिनुभएको थियो। कार्यपत्र प्रस्तुतिपश्चात सहभागी हुनुभएका कर्मचारीहरु तथा प्रशिक्षकबीचमा नेपाली भाषालाई कसरी शुद्ध लेख्नेसमेतका विषयमा उत्साहप्रद ढंगबाट छलफल भएको थियो। अन्त्यमा, प्रशिक्षक भाषा विशेषज्ञ श्री वस्तीलाई अदालतको तर्फबाट राजिष्ट्र श्री पौडेलले मायाको चिनो प्रदान गरेसँगै कार्यक्रम सम्पन्न भएको थियो।

फैसला तथा टिपोट लेखन सम्बन्धी प्रशिक्षण

मिति २०८२।२।१४ र १६ गते अदालतमा कार्यरत सम्पूर्ण इजलास अधिकृत तथा कम्प्युटर अपरेटरहरुलाई टिपोट लेखन, ठहर खण्ड लेखन, तपशिल खण्ड लेखन, आदेश लेखन, इजलास व्यवस्थापन, स्टाटस अपडेटसमेतका विषयमा प्रशिक्षण दिइएको थियो। दुई समुहमा भएको उक्त प्रशिक्षण कार्यक्रममा माननीय न्यायाधीशहरु श्री श्यामकुमार भट्टराई, श्री कृष्णराम कोइराला, श्री हेमन्त रावल, श्री सुर्यप्रसाद पराजुली, श्री दुर्गाप्रसाद ढुङ्गेल र श्री टीकाराम आचार्यले सहभागीहरुलाई प्रशिक्षण दिनुभएको थियो। छलफलमा आधारित भई सम्पन्न भएको उक्त कार्यक्रममा फैसला लेख्दा ध्यान दिनुपर्ने कुराहरु, त्रुटि हुने सम्भावित क्षेत्र तथा त्यस्ता त्रुटि न्युनिकरणका उपायहरु, आदेशलेखन तथा टिपोट लेखनलाई कसरी उत्कृष्ट बनाउने, इजलासमा रहदा इजलास अधिकृतले माननीय न्यायाधीशहरुसँग, कानून व्यवसायीहरुसँग तथा सेवाग्राहीसँग कसरी प्रस्तुत हुने, इजलासबाट जनाउने स्टाटस कसरी सही

तरिकाले समयमा अपडेट गर्नेसमेतका विषयमा माननीय न्यायाधीशहरुले प्रशिक्षित गरेपश्चात सहभागीहरुले विषयबस्तुमा केन्द्रित रही विभिन्न जिज्ञासाहरु राखुभएको थियो। समयसमयमा प्रयोगात्मक अभ्याससमेत भई सञ्चालन भएको उक्त प्रशिक्षणमा सहभागीहरुले उत्साहपूर्वक छलफलमा भाग लिनुभएको थियो। दिनदिनै गरिने क्रियाकलापमा प्रयोग हुने विषयमा प्रशिक्षण भएको र यस्ता प्रशिक्षणले आगामी दिनमासमेत निरन्तरता पाउनुपर्ने निष्कर्षसहित उक्त तालिम सम्बन्धी कार्यक्रम समापन भएको थियो।

संहिताको बारेमा छलफल/पुनर्ताजकी तालिम

मिति २०८२।२।२३ गते यस अदालतमा कार्यरत इजलास अधिकृत, मुद्दा फाँटका सुपरिवेक्षक तथा अन्य कर्मचारीहरुसमेतलाई मुलुकी फौजदारी तथा देवानी कार्यविधि संहिताको बारेमा पुनर्ताजकी तालिमको आयोजना गरिएको थियो। दुई सत्रमा सञ्चालन भएको उक्त कार्यक्रममा माननीय न्यायाधीशहरु श्री डालकुमार खड्का, श्री खडानन्द तिवारी, श्री प्रकाश खरेल र श्री टीकाराम आचार्यले सहभागी कर्मचारीहरुलाई संहिताका बढी प्रयोग हुने व्यवस्थाहरु तथा संहितामा हाल परिवर्तन भएका नया व्यवस्थासमेतलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रको प्रस्तुतिसँगै सहभागी कर्मचारीहरुले काम गर्दै गर्दा आउने गरेका समस्याको बारेमा विभिन्न जिज्ञासाहरु राख्नुभएको थियो। कर्मचारीहरुले उठाएको जिज्ञासाहरु समाधान हुने गरी माननीय न्यायाधीशहरुबाट सम्वोधन भएसँगै उक्त कार्यक्रम सम्पन्न भएको थियो।

सकारात्मक सोचसमेतको विषयमा तालिम सम्पन्न

मिति २०८२।२।३० गते उच्च अदालत पाटनमा सकारात्मक सोच अभिवृद्धि तथा सेवाग्राहीहरूसँग कर्मचारीले गर्नुपर्ने व्यवहार सम्बन्धी तालिमको आयोजना गरिएको थियो। अदालतका सम्पूर्ण कर्मचारीहरुको सहभागिता रहेको सो कार्यक्रम दुई सत्रमा सञ्चालन भएको थियो। उक्त कार्यक्रममा सेवाग्राहीसँग कर्मचारीले गर्नुपर्ने व्यवहार, अदालतबाट सेवाग्राहीलाई दिनुपर्ने सेवासमेतको विषयमा यस अदालतका माननीय मुख्य न्यायाधीश श्री

लालबहादुर कुँवरले सहभागी कर्मचारीहरूलाई प्रशिक्षण दिनुभएको थियो। अर्को सत्रमा सकारात्मक सोचका सम्बन्धमा प्रशिक्षक श्री सुष्मा पौडेलले सहभागी कर्मचारीहरुलाई प्रशिक्षण दिनुभएको थियो। यस सत्रमा अदालतमा काम गर्ने कर्मचारीहरुमा सकारात्मक सोच भएमा मात्र सेवाग्राहीले पाउने सेवा सकारात्मक हुने हुँदा हरेक कर्मचारीहरुमा सकारात्मक सोच हुनु आवश्यक छ। यसका लागि कर्मचारीहरुले कसरी सकारात्मक सोच अभिबृद्धि गर्ने, सो

कार्यका लागि कार्यालयको व्यवस्थापनले के कस्तो भूमिका निर्वाह गर्ने समेतका समग्र विषयमा छलफल भएको थियो।

सुरक्षाकर्मीसँग छलफल

मिति २०८२।३।४ गते यस अदालतमा रहनुभएका माननीय न्यायाधीशहरुका व्यक्तिगत सुरक्षा गार्ड तथा अदालतको सुरक्षार्थ खटिएका सुरक्षाकर्मी समेतसँग अदालत प्रशासनले छलफल गरेको थियो। यस अदालतका रजिष्ट्रार श्री श्रीलाल पौडेल तथा ललितपुर प्रहरी प्रमुख (एस.पी.) श्री चक्रराज जोशी समेतको उपस्थितिमा भएको उक्त छलफल कार्यक्रममा प्रहरी प्रमुख श्री जोशीले माननीय न्यायाधीशज्यूहरुको सुरक्षार्थ खटिएका

सुरक्षाकर्मी तथा अन्य सुरक्षाकर्मीबीचमा आपसी समन्वय गरी सुरक्षा व्यवस्थालाई चुस्त दुरूस्त राख्नुपर्ने, सुरक्षासँग सम्बन्धित विषयमा केही संकास्पद गतिविधि देखिएमा तत्काल सुरक्षाकर्मीबीच समन्वय गर्ने, अदालतको सुरक्षार्थ खटिनुभएका सुरक्षाकर्मीले अदालतको गेटबाटै सुरक्षा व्यवस्थालाई व्यवस्थित गर्नुपर्ने र माननीय न्यायाधीशहरुका व्यक्तिगत सुरक्षाकर्मीहरुले माननीयहरु इजलासमा रहेको समयमा इजलास बाहिर

रही सुरक्षाको व्यवस्थापन गर्नुपर्नेसमेतका विषयमा निर्देशन दिनुभएको थियो। कार्यक्रमको अन्त्यमा, रजिस्ट्रार श्री पौडेलले अदालतको सुरक्षा व्यवस्था राम्रो भएमात्रै हामी सबैको सुरक्षा हुने र सो कार्यमा अदालतमा तथा माननीय न्यायाधीशहरुको सुरक्षार्थ खटिनुभएका सुरक्षाकर्मीहरुले आपसी समन्वय गरी सुरक्षा व्यवस्थालाई चुस्त दुरूस्त राख्नुपर्ने भन्ने समेतका निर्देशन दिदै उक्त कार्यक्रमको समापन गर्नुभएको थियो।

सुपरिवेक्षकसँग छलफल

मिति २०८२।२।२२ गते यस अदालतका उपरजिष्ट्रार तथा सबै फाँटका सुपरिवेक्षकसमेतसँग मुद्दा व्यवस्थापनसमेतका समग्र विषयमा छलफल भयो। रजिस्ट्रार श्री श्रीलाल पौडेलको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा सबै फाँटका सुपरिवेक्षकसमेतको सहभागिता रहेको थियो। सो क्रममा असार मसान्तसम्म १८ महिना अवधि पुग्ने मुद्दाको सङ्ख्या तथा उक्त मुद्दाहरुको हालको अवस्थासँग सम्बन्धित भई सुपरिवेक्षकहरुले जानकारी गराउँदै पुराना मुद्दा फछ्यौंटमा आफूले गरेका प्रयासका सम्बन्धमा जानकारी गराउनुभएको थियो।

अन्त्यमा, रजिस्ट्रार पौडेलले हालसम्म पुराना मुद्दाको फछ्यौंटमा उल्लेख्य प्रगति भइरहेको र उक्त प्रगति हासिल गर्न सहयोग गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो। आगामी असार मसान्तसम्म १८ महिना अवधि पुग्ने मुद्दाहरु शून्यमा झार्ने यस अदालतको वार्षिक कार्ययोजनाको लक्ष्य रहेको र उक्त लक्ष्य पूरा गर्न सबैको सामूहिक प्रयासबाट मात्र सम्भव हुने भएकोले सो कार्यका लागि सबैले प्रयास गर्नुपर्ने भनी निर्देशन दिदै उक्त कार्यक्रमको समापन गर्नुभएको थियो।

चालु आ.ब. को अन्त्यसम्म १८ महिना पुग्ने मुद्दाको अवस्था

यस अदालतमा चालु आ.ब को अन्त्यमा अर्थात मिति २०८२ असार मसान्तसम्म १८ महिना पुग्ने मुद्दाको संख्या मिति २०८२ जेठ मसान्तसम्म ४३ थान रहेका छन्। अघिल्लो महिनामा १८ महिना पुग्ने मुद्दाको संख्या ११२ थान रहेको थियो। यस अदालतको बार्षिक कार्ययोजनाले चालु आ.ब. भित्र १८ महिना अवधि पुग्ने मुद्दाको फछ्यौंटलाई शून्यमा झार्ने लक्ष्य लिएको छ।

निषेधाज्ञा

श्यामकुमार भट्टराई

न्यायाधीश, उच्च अदालत पाटन

परिचय

निषेधाज्ञा कमन लको समन्यायिक विधिशास्त्रबाट विकास भएको अवधारणा हो। कमल लमा पनि यो रोमन लको prohibitory Interdict बाट विकास भएको हो।यो रिट होइन । यो रिटको प्रकृतिको निवेदनमा हुने आदेश हो। निषेधाज्ञा भनेको सामान्यतया मुद्दाहरूमा हुने बीच बीचको झन्झट रोक्न निमित्त र तत्कालीन संकटको समाधान गर्ने अन्तरिम व्यवस्थाको उपाय हो। निषेधाज्ञाको व्यवस्था समन्यायको सिद्धान्तबाट प्रादुर्भाव भएको र यसको रुप मुद्दाको स्वभाव अनुसार निषेधात्मक वा निर्देशात्मक दुवै हुन्छ । कुनै कार्य गर्नबाट निषेध गर्न वा कुनै कार्य गर्न दिनु पर्ने अदालतको आदेशबाट कुनै व्यक्तिको कानुनी अधिकारको विषयमा अन्तिम निर्णय नहुँदासम्म यथास्थितिमा कायम राख्ने हुन्छ । यसबाट कुनै व्यक्तिको हक सृजना गर्ने वा समाप्त गरिने कार्य हुँदैन । यसले विवादित कार्यबाट हुने आशंकित आघातलाई रोक्ने, बढी नोक्सानी हुन नदिने वा हालको स्थितिलाई कायम राख्ने कार्य मात्र गर्छ । [1] निषेधाज्ञाको आदेशले न त हक बेहक गराउँछ न त यसले कसैको हकको सृजना गर्छ, यो त यथास्थिति कायम राख्ने Preventive उपचारको बाटो हो ।[2] निषेधाज्ञा जारी हुनका लागि

नोटः यो लेख प्राज्ञिक छलफलका लागि तयार गरिएको हो। यहाँ उल्लिखित लेखकका व्यक्तिगत धारणाले लेखकको पदीय जिम्मेवारी र कार्यरत निकायको प्रतिनिधित्व गर्दैन।

[1] कृष्णबहादुर चिपालु बिरुद्ध हिमालयन टि सेन्टरका साझेदार रामकुमार राठी, ने२०५२ .प.का. अङ्क ९ निर्णय नं६०७२ .

[2] कृष्णबहादुर श्रेष्ठ बिरुद्ध तुल्सीभक्त श्रेष्ठ, ने२०४८ .प.का. अङ्क २,३,४ निर्णय नं४२७४ .

जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुनपर्ने[3] हुन्छ।

यो मुख्यरुपमा न्यायिक स्वविवेकको विषय हो तर त्यस्तो स्वविवेक समन्यायिक दृष्टिकोण (equitable considerations) मा आधारित हुनु पर्दछ। प्रतिबाधक उपायको दृष्टिबाट हेर्दा निषेधाज्ञा प्रतिषेधसँग दाँज्न सकिन्छ। तर सामान्य र उपयुक्त अवस्थामा प्रतिषेधको उपाय लाग्ने भए प्रतिषेधको सट्टा निषेधाज्ञा जारी हुन सक्दैन । निषेधाज्ञाको दुई रूप हुन सक्छ। निर्देशनात्मक र निषेधात्मक। निर्देशनात्मक निषेधाज्ञाबाट कसैलाई कुनै कुरा गर्नु भनी गर्न लगाउने र निषेधात्मक निषेधाज्ञाबाट कुनै कुरा गर्न वा गरिरहनबाट मनाही गर्ने आदेश जारी गरिन्छ। निषेधाज्ञा एउटा यस्तो प्रक्रिया हो जसले कुनै कानूनी गल्तीलाई रोकेर कानूनी हकको संरक्षण (as a process for preventing wrong and preserving the rights) गर्दछ। त्यसैले निषेधाज्ञालाई रिटको कोटीमा राखेर असाधारण उपचारको प्रबन्धको रुपमा लिने गरिन्छ[4] तथापि निषेधाज्ञाको आदेश अदालतले साधारण क्षेत्राधिकार अन्तरगत गर्ने गर्दछन्।

दावी स्थापित गर्ने दायित्व निवेदकमा

निषेधाज्ञाको आदेश माग गर्ने निवेदकले आफ्नो दावी स्थापित गर्ने दायित्व शंकारहित तवरले पुष्टि गर्नु पर्दछ।खासगरी निवेदकको संवैधानिक तथा कानूनी हकको हनन् हुने आशंका रहेको वा हनन् गर्ने कार्य भैरहेको अवस्था प्रथमदृष्टिमा नै विश्वासिलो रुपमा देखाउन सक्नु पर्दछ भने त्यसबाट परिपूरण नै हुन नसक्ने गरी निवेदकलाई क्षति हुने अवस्था रहेको देखाउनु पर्दछ।यो समन्यायिक दृष्टिले हेरिने अवधारणा भएकोले सुविधा र सन्तुलन पनि निवेदकको पक्षमा हुनु पर्दछ।त्यसैले निषेधाज्ञाको निवदेनमा अन्तरिम आदेश जारी गर्दा उल्लिखित आधारहरु नै ग्रहण गरिन्छ।निषेधाज्ञाको उपचार खोजी गर्ने निवेदक स्वयम् सफा हात लिएर अदालत आएको हुनु पर्दछ र झुठो दावी लिएर आँउने निवेदकलाई अदालतले मद्दत गर्न सक्दैन अर्थात "one who comes to the court, must come with clean hands. More often than not, process of court is being

[3] **देवेन्द्र साहसमेत बिरुद्ध जगदेव साह हलुवाई, नेकाप २०७४ अंक ८ नि नं ९८५७**

[4] कुनै पनि नागरिकलाई अन्याय परेको विषयमा वैकल्पिक कानूनी उपचारको बाटो नरहेको वा भए तापनि प्रभावकारी नभएको अवस्थामा मात्र संविधानले प्रदान गरेको असाधारण अधिकार क्षेत्र ग्रहण गरी अदालतले रिट क्षेत्राधिकारमा प्रवेश गर्छ । अदालतले असाधारण क्षेत्राधिकारको प्रयोग गर्दा मातहतका अदालतमा सामान्य क्षेत्राधिकारअन्तर्गत कानूनबमोजिम दायर भई विचाराधीन रहेका मुद्दाहरूलाई असर पार्ने कार्य गर्न मिल्दैन । प्रत्येक अदालत आफूसमक्ष विचाराधीन मुद्दामा इन्साफ गर्न सक्षम र स्वतन्त्र छ भन्ने न्यायको मान्य सिद्धान्तको आधारमा कुनै पनि कानूनी प्रणाली चलेको हुन्छ । मातहतको अदालतमा विचाराधीन रहेको मुद्दामा माथिल्लो तहको अदालतले असाधारण क्षेत्राधिकारअन्तर्गत हस्तक्षेप गर्दै जाने हो भने विधि, प्रक्रिया र न्यायिक प्रणाली अन्यौलग्रस्त हुन पुग्दछ । पिताम्बर के.सी. बिरुद्ध बुटवल फाइनान्स हाल सिनर्जी फाइनान्स लि.नेकाप २०७६ अंक ४ नि नं १०२३९

abused."[5] भन्ने मान्यता निषेधाज्ञाको निवेदनमा पनि उत्तिकै बाध्यकारी रुपमा आकर्षित हुन्छ।आफू इमानमा नबसी कानूनी उपचार खोज्ने निवेदकर्ता (dishonest litigants) लाई निषेधाज्ञाको रोहबाट अदालतले सहयोग गर्न सक्दैन भन्ने मानिन्छ। भारतीय सर्वोच्च अदालतले भनेको छ *a fraud is an act of deliberate deception with the design of securing something by taking unfair advantage of another. It is a deception in order to gain by another's loss. It is a cheating intended to get an advantage. Non-disclosure of the facts amounts to "playing fraud on the Court"*।[6]

निषेधाज्ञा र रिटमा भिन्नता

निषेधाज्ञाको आदेश र रिटमा भिन्नता छ । तथापि यी दुवै निवदेनको सुनुवाइ प्रक्रिया लगभग समान भएको र निषेधाज्ञाको निवेदन पनि हक अधिकार प्रचलनका लागि अदालतलाई प्रदान गरेको विशेषाधिकार भएकोले धैरै विषयमा समानता देखिन्छ।तर अवधारणागत रुपमा र अभ्यासका दृष्टिले पनि निषेधाज्ञा र रिटमा सारभूत भिन्नता छ। उक्त भिन्नतालाई देहायको तालिकामा प्रस्तुत गरिएको छः

निषेधाज्ञा	भिन्नताका आधार	रिटहरु
निर्विवाद कानूनी हकको संरक्षण लागि जारी गरिन्छ।	जारी गरिने आधार	संवैधानिक तथा कानूनी हक अधिकारको प्रचलनका लागि जारी गरिन्छ।
जिल्ला अदालत र उच्च अदालत	जारी गर्ने अदालत	सर्वोच्च अदालत उच्च अदालत र जिल्ला अदालत
निषेधाज्ञाको आदेश उपर एक तह पुनरावेदन लाग्दछ।	पुनरावेदन	रिटमा पुनरावेदन लाग्दैन। उच्च अदालतले रिटमा गरेको आदेश उपर सर्वोच्च अदालतमा दोहोर्याइ पाउने निवेदन लाग्दछ।
निषेधाज्ञामा आवश्यकता अनुसार प्रमाण बुझ्ने गरिन्छ। नापनक्सा गर्ने वा सर्जमिन गर्ने जस्ता कार्य गर्न सकिन्छ।	प्रमाण मुकरर	सामान्यतया रिटमा प्रमाण बुझ्ने गरिँदैन। तथ्यको निरोपण गरिँदैन।
निषेधाज्ञामा कानूनी हक अधिकार भएका	पक्ष विपक्ष	सामान्यतया हक अधिकार हनन् भएको

[5] Mr. Jagannath case, https://ijtr.nic.in/articles/art25.pdf
[6] Mr. Jagannath case, https://ijtr.nic.in/articles/art25.pdf

व्यक्ति वा संस्थासमेतले उपचार खोजी गर्न सक्छन्।		अवस्थामा व्यक्तिले सरकारी वा सार्वजनिक निकाय उपर रिट दायर गर्ने गरिन्छ।
निषेधाज्ञाको निवेदन व्यक्ति वा संस्थाका विरुद्ध पनि दायर गरिन्छ।	व्यकिका विरुद्धको उपचार	बन्दीप्रत्यक्षीकरणको रिट बाहेक अरु रिटहरु व्यकि वा निजी संस्था वा कम्पनीका विरुद्ध दायर गर्न सकिँदैन।

कस्तो अवस्थामा निषेधाज्ञा जारी गरिन्छ

कानुनले प्रत्याभूत गरेको हक अधिकारको संरक्षणका लागि निषेधाज्ञा जारी गरिन्छ। निषेधाज्ञाको बारेमा सर्वोच्च अदालतले भनेको छः निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक -Absolute Right_ अथवा विवादरहित हक -Undisputed Right_ हुनुपर्ने।सम्पत्तिको आफ्नो हक निहीत रहेको तथ्यपूर्ण एवं सारभूत प्रमाण देखाउन नसकेको अवस्थामा निषेधाज्ञा जारी हुन नसक्ने हुन्छ । ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशंका व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूत रूपमा -Substantially_ स्थापित गर्न सक्नुपर्ने । निषेधाज्ञाको रोहमा कुनै सम्पत्तिमा हक स्वामित्व कायम गर्न वा गराउन नसकिने हुन्छ ।[7] साधारण कानूनी प्रक्रियाबाट नै उपचार पाउने व्यवस्था छ भने निषेधाज्ञाको उपचार लिनु पर्ने र दिनु पर्ने आवश्यक हुँदैन ।[8] निषेधाज्ञा मुद्दाबाट हक स्थापना नहुनेले स्थापित हकमा पर्न सक्ने अवरोध सम्म निषेध गर्न सक्ने हुन्छ।[9] अदालतमा विचाराधीन मुद्दामा असर पर्ने गरी निषेधाज्ञाको निवेदन जारी गर्न मिल्दैन।[10]

House of Lords ले एउटा प्रशिद्ध मुद्दा American Cyanamid Co. v. Ethicon Ltd. मा निषेधाज्ञाको बारेमा शूत्रबद्ध व्याख्या गरेको पाइन्छ। लर्ड डिप्लकले गरेको सो व्याख्याको सार देहाय बमोजिम रहेको छ:[11]

> (1) The plaintiff must first satisfy the court that there is a serious issue to decide and that if the defendants were not restrained and the plaintiff won the action, damages at common law would be inadequate compensation for the plaintiff's loss.

---

[7] लाहान नगरपालिका विरुद्ध लक्ष्मी महतो, नेकाप २०६८ अंक ११ नि नं ८७१२

[8] चन्द्रावती देवी कसौधन वि मालपोत कार्यालय, रुपन्देही, ने.का.प. २०५३ अंक ३ निर्णय नं. ६१५७

[9] गणेशबहादुर श्रेष्ठ बिरुद्ध केशवप्रसाद श्रेष्ठसमेत, ने२०५२ .प.का. अङ्क १२ निर्णय नं६११९ .

[10] मनोहर शाह बिरुद्ध यदुनन्दन शाह, ने२०५२ .प.का. अङ्क ११ निर्णय नं६१०७ .

[11] https://www.scconline.com/blog/post/2022/06/28/extent-existence-and-expiry-of-interim-orders-a-judicial-enigma-part-i/

(2) The court, once satisfied with these matters will then consider whether the balance of convenience lies in favour of granting an injunction or not, that is, whether justice would be best served by an order of injunction.

(3) The court does not and cannot judge the merits of the parties' respective cases and that any decision of justice will be taken in a state of uncertainty about the parties' rights.

भारतको सर्वोच्च अदालतले निषेधाज्ञा जारी गर्दा ध्यान दिनु पर्ने विषयलाई यसप्रकार सूचीकरण गरिदिएको छ:[12]

(i) Extent of damages being an adequate remedy.

(ii) Protect the plaintiff's interest for violation of his rights though, however, having regard to the injury that may be suffered by the defendants by reason therefor.

(iii) The court while dealing with the matter ought not to ignore the factum of the strength of one party's case is stronger than the other's.

(iv) No fixed rules or notions ought to be had in the matter of grant of the injunction but on the facts and circumstances of each case — the relief being kept flexible.

(v) The issue is to be looked at from the point of view as to whether on the refusal of the injunction the plaintiff would suffer irreparable loss and injury keeping in view the strength of the parties' case.

(vi) Balance of convenience or inconvenience ought to be considered as an important requirement even if there is a serious question or prima facie case in support of the grant.

(vii) Whether the grant or refusal of the injunction will adversely affect the interest of the general public which can or cannot be compensated otherwise.

अवधिका हिसावले निषेधाज्ञा

अदालतबाट जारी गरिने अवधिका हिसावले निषेधाज्ञाको आदेशलाई अस्थायी, आवधिक र स्थायी प्रकृतिको निषेधाज्ञा भनी बर्गीकरण गर्न सकिन्छ।कुनै निश्चित शर्त पूरा नहुन्जेलका लागि जारी गरिने निषेधाज्ञाको आदेशलाई अस्थायी प्रकृतिको आदेश भनिन्छ। कुनै निश्चित समयावधिसम्मका लागि जारी गरिने आदेशलाई आवधिक निषेधाज्ञा भनिन्छ।अनन्त कालसम्मका लागि जारी गरिने निषेधाज्ञाको आदेशलाई स्थायी प्रकृतिको निषेधाज्ञाको आदेश भनिन्छ।

[12] https://www.scconline.com/blog/post/2022/06/28/extent-existence-and-expiry-of-interim-orders-a-judicial-enigma-part-i/

परमादेश, प्रतिषेध र निषेधाज्ञा

परमादेश र प्रतिषेध दुवैको केही रूप निषेधाज्ञामा झल्किन्छ तापनि परमादेश र प्रतिषेध जस्तो संवैधानिक उपचारका असाधारण अधिकार क्षेत्रभित्रका पूर्जी आदेशहरू भन्दा कुनै अवस्थामा निषेधाज्ञा छिटो र बलियो उपाय हुन जान्छ ।[13] शुद्ध कारबाहीको दृष्टिकोणबाट हेर्दा पक्षहरूलाई यथास्थितिमा राखी निषेधाज्ञाबाट धेरै जस्तो अवस्थामा छिटो काम हुने मात्र होइन कि तत्कालीक कठिनाइ समाधान गर्ने अन्तरिम व्यवस्थाको उपाय पनि हो ।[14] यस किसिम निषेधाज्ञा मुद्दाको सिलसिलामा गरिने कारबाही सम्बन्धी एउटा अन्तरकालीन व्यवस्थाको उपाय हो भन्ने स्पष्ट छ । नेपालको वर्तमान संविधानले निषेधाज्ञाको निवेदन सुनुवाइ गर्ने अधिकार जिल्ला अदालतलाई हुने व्यवस्था गरेको छ । सर्वोच्च अदालतले निषेधाज्ञाको बारेमा भनेको छ ः मुलतः अदालतले निषेधाज्ञाको आदेश जारी गर्दा हुन गइरहेको वा भइरहेको काम कारोबारबाट कुनै पनि व्यक्तिको कानूनी हकमा आघात पर्न जाने स्थितिको आशंकाको विद्यमानतालाई नै हेर्ने गरिन्छ र त्यस्तो आशंका तथ्यपरक एवं प्रमाणपरक ढंगले पुष्टि भएको पनि हुनुपर्छ । निषेधाज्ञाको रिटबाट उपचार खोज्ने पक्षले आफूलाई मर्का परेको कुराको आशंकाको विद्यमानता रहेको कुरामा अदालतलाई आश्वस्त पार्न सक्नुपर्छ । यसैगरी, सहज र पहुँचयोग्य अन्य उपचार र मार्ग भएसम्म यो रिट जारी गर्न पनि मिल्दैन । यद्यपि पुनरावेदकले जिकिर लिए झैं निषेधाज्ञाको

---

[13] निषेधाज्ञाको उद्देश्य–निषेधाज्ञा र प्रतिषेधमा समानता–तापनि सामान्यतः प्रतिषेधको सट्टा निषेधाज्ञा जारी गर्न नमिल्ने । निषेधाज्ञाको दुई रूप निषेधात्मक । निषेधाज्ञा भनेको मुद्दाहरूमा हुने बीच बीचको झन्झट रोक्न (२) वाध्यात्मक (१) : निमित्त र तत्कालिन संकटको समाधान गर्ने अन्तरिम व्यवस्थाको उपायको हो । प्रतिबन्धक उपायको दृष्टिबाट हेर्दा निषेधाज्ञा प्रतिषेधसँग दाँज्न सकिन्छ । तर सामान्य र उपयुक्त अवस्थामा प्रतिषेधको उपाय लाग्ने भए प्रतिषेधको सट्टा निषेधाज्ञा जारी हुन सक्दैन । निषेधाज्ञाको दुई रूप हुन सक्छ–वाध्यात्कम र निषेधात्मक । ‘वाध्यात्मक निषेधाज्ञाबाट कसैलाई कुनै कुरा गर्नु भनी गर्न लगाउने र निषेधात्मक निषेधाज्ञाबाट कुनै कुरा गर्न वा गरी रहनबाट मनाही गर्ने । यसरी परमादेश र प्रतिषेध दुवैको केही रूप निषेधाज्ञामा झल्किन्छ तापनि परमादेश र प्रतिषेध जस्तो संवैधानिक उपचारका असाधारण अधिकार क्षेत्र भित्रका पूर्जी आदेशहरू भन्दा कुनै अवस्थामा निषेधाज्ञा छिटो र बलियो उयाय हुन जान्छ । शुद्ध कार्यवाहीको दृष्टिकोणबाट हेर्दा पक्षहरूलाई यथास्थितिमा राखी निषेधाज्ञाबाट धेरैजसो अवस्थामा छिटो काम हुने मात्र होइन कि तत्कालिन कठिनाई समाधान गर्ने अन्तरिम व्यवस्थाको उपाय पनि हो । यस किसिम निषेधाज्ञा मुद्दाको सिलसिलामा गरिने कार्यवाहीसम्बन्धी एउटा अन्तर्कालिन व्यवस्थाको उपाय हो भन्ने कुरा स्पष्ट छ । जनकसिंह सहगल बिरुद्ध द्वारिकाप्रसाद आर्य ने .निर्णय नं १०अंक २०१९ .प.का.१७४

[14] निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने भनिएको हो सो सम्पत्तिमा निवेदकको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुनपर्ने सर्वोच्च अदालतले व्याख्या गरेको छ । देवेन्द्र साह समेत वि. जगदेव साह हलुवाई, नेकाप २०७४ अंक ८ नि.नं. ९८५७ । निषेधाज्ञाको बारेमा सूर्यभक्त साँगाछें समेत वि. विजय बहादुर राजभण्डारीसमेत, नेकाप २०५५ अंक ४ नि.नं. ६५३४ मा समेत सर्वोच्च अदालतले स्पष्ट मार्गदर्शन गरेको छ ।

मुद्दामा नक्सा सर्जिमिनलगायतको प्रमाण बुझ्न नसकिने होइन तर त्यस्तो प्रमाण बुझी प्रमाणको मुल्याङ्गन गरी न्याय निरूपण गर्नुपर्ने कुरामा अदालत विश्वस्त हुनुपर्ने ।[15]

निषेधाज्ञामा पनि अन्तरिम आदेश जारी गरिन्छ, जसका आधारहरू यस प्रकार छन् ः[16]

१) अधिकारमाथि गम्भीर खतरा उत्पन्न हुने आशङ्कित स्थिति विद्यमान छ,

२) अन्तरिम आदेशको राहत नदिएमा अपूरणीय क्षति हुने प्रबल संभावना छ,

३) अन्तरिम आदेश नदिएमा अदालतमा दायर भएको मुद्दालाई गम्भीर असर पार्दछ,

४) निर्णय पछि पक्षको कानुनी अधिकार प्रचलन गराउन नसक्ने अवस्था आइपर्छ,

५) अचल सम्पतिको स्वरूप नै परिवर्तन हुने वा हक हस्तान्तरण हुन सक्ने वा नास हुने अवस्था छ,

६) विवादित विषय यथास्थितिमा राख्नु पर्ने अवस्था अदालतलाई मुनासिव लाग्छ,

७) अन्तरिम आदेश जारी गर्दा परिणाम सकारात्मक हुने स्थिति देखिनु पर्छ, र

८) उपरोक्त कुराहरू निवेदन मागबाटै प्रथम दृष्टिमा (Prima Facie) देखिनुपर्छ ।

अन्तरिम आदेश र अन्तरकालीन आदेशका बीचमा अवधारणागत भिन्नता छ। अन्तरिम आदेश रिट वा निषेधाज्ञाको रोहमा निवेदनमा उठाएको विषयमा माथि उल्लिखित आधारमा जारी गरिन्छ भन् अन्तरकालीन आदेश मुद्दाको कारवाही प्रक्रियामा जारी गरिन्छ।[17]

निषेधाज्ञाका सम्बन्धमा फूलकोर्टको निर्देशन

नागरिक अधिकार ऐन २०१२ ले निषेधाज्ञाको अधिकार प्रदान गरेपछि सो अधिकारको प्रयोगमा एकरुपता कायम गर्नका लागि सर्वोच्च अदालतको फुलकोर्टले नियम सरहको निर्देशन जारी गरेको थियो । फुलकोर्टबाट जारी भएको नियम यसप्रकार छ ः

[15] गोमा कुमारी पण्डित विमनतोरियादेवी ., नेकाप २०७४ अंक २ नि९७६३ .नं.

[16] केशवराज पाण्डे, प्रशासकीय कानून, दोस्रो संस्करण, पृष्ठ २९६

[17] अन्तरकालीन आदेश कुनै हक बेहकको निर्णय विचाराधीन रहेको स्थितिमा यथास्थितिमा नराखेमा मुद्दाको अन्तिम निर्णय भएपछि पक्षको कानुनी अधिकार प्रचलन गर्न नसकिने अवस्था आई पर्ने वा अचल सम्पत्तिको स्वरुप नै परिवर्तन हुने वा हक हस्तान्तरण भैसक्ने वा नास हुने स्थितिबाट रोक्नको लागि अदालतको विवेकमा अत्यावश्यक देखिएमा जारी गरिन्छ । यस्तो अन्तरकालीन आदेशबाट कुनै पक्षको हक सृजना वा समाप्त गरिदैन न त कुनै मुद्दाको अन्तिम निर्णयबाट हुने परिणाम नै अन्तरकालीन आदेशबाट प्राप्त हुने । कृष्णबहादुर चिपालु बिरुद्ध रामकुमार राठी, ने२०५२ .प.का. अङ्क ९ निर्णय नं६०७३ .

१)निषेधाज्ञा कुनै प्रस्तुत मुद्दा मामिलामा जारी गर्ने, नगर्ने विषयमा अवस्था हेरी अपिल सुन्ने अदालतले तजबिज गर्नुपर्छ, यो विषय उक्त अदालतको तजबिजको हो, सो जारी गरी माग्ने कुनै व्यक्ति वा पक्षको हक होइन ।

२)निषेधाज्ञा कुनै कार्य गर्न निषेध वा मनाही गर्ने (Prohibitory) मात्र नभई सो जारी भएका निषेधाज्ञा कार्यान्वित गर्न यसो गर्नु भनी कर लगाउने पनि हुन सक्तछ ।

३)जुन मुद्दा मामिलामा अपिल अदालतका चित्तमा क्षतिपूर्ति वा मुआब्जा दिए न्याय पर्छ भन्ने लागेमा त्यस्तो काममा निषेधाज्ञा जारी गर्न मिल्ने छैन ।

४)यस्तो अन्तरकालीन निषेधाज्ञा जारी गरी पाऊँ भन्ने उजुर नालिस पर्दा साथ अपिल अदालतले उजुर लेखेको विषयमा उजुरवालाको देखादेखी (Prima Facie) हक दावी लाग्ने नलाग्ने के हो, विचार गरी हक दावी पुग्ने देखेमा मात्र निषेधाज्ञा जारी गर्नुहुन्छ त्यस्तो गर्नलाई अपिल अदालतले हक दावी प्रष्ट सबुद, प्रमाण दाखिल गर्न उजुरवालालाई कर लगाउन पनि सक्छ ।

५)यस्तो निषेधाज्ञा जारी भएकाले विपक्षी वा अन्य कुनै व्यक्तिलाई मर्का पर्न गएमा त्यस्ता व्यक्तिले प्रचलित कानुनको रीत पु¥याई निषेधाज्ञा जारी गराई माग्ने पक्ष उपर नालिस गर्नु हुन्छ र त्यस्तो नालिस उजुर पर्न आएमा सुरु नालिस हेर्ने अदालतले पनि लिई प्रचलित कानुन बमोजिम गर्नुपर्छ ।

६)उक्त निषेधाज्ञा जारी हुँदा वा सोभन्दा अगावै प्रस्तुत मुद्दा मामिलामा अवस्था हेरी विपक्षलाई बुझ्न न्यायोचित लागेमा अधिकृत अदालतले विपक्षलाई म्याद समन तामेल गरी बुझ्न हुन्छ सो नभई अवस्था विचार गर्दा तुरुन्तै अन्तरकालीन निषेधाज्ञा जारी गर्न आवश्यक आएमा एकतर्फी (ex parte) सुनुवाइबाट जारी गर्न पनि हुन्छ ।

७)निषेधाज्ञा जारी गरिपाऊँ भनि निवेदनपत्र दिने निवेदकले अर्काले हक दावी आघात गर्न खोज्दा चित्त बुझाइरहेको वा अकारणवस ढिलासुस्ती गरी निवेदन वा उजुर गरेको वा हकदावीको विषयमा आफ्नोतर्फबाट कानुनले गर्नुपर्ने वा गर्न नहुने गरिसकेको देखिए मात्र निजको उजुरमा अदालतको विचार गर्नुपर्छ ।

८)यस्तो निषेधाज्ञा एक पटक जारी भएपछि मुद्दामामिलाको अन्तिम टुङ्गो नलागेसम्म वा अदालतले तोकेका मितिसम्म वा अर्को आदेश जारी नगरेसम्म लागू रहनेछ ।

९)निषेधाज्ञा जारी भएका विषयमा सो आज्ञा नमानी उल्लङ्घन गर्ने पक्ष वा व्यक्तिलाई अदालतको अपहेलना वा बेइज्जती गरेबापत प्रचलित कानुनले तोकेको सजाय हुनेछ ।

१०)निषेधाज्ञा जारी गर्दा अदालतले मुनासिव किसिमको शर्त बन्देज (Condition) लगाई जारी गर्न पनि हुन्छ ।

११)एक पटक जारी गरेको निषेधाज्ञालाई अदालतले केही समयका लागि त्यस्ता गर्न उचित लागेमा स्थगित गर्न पनि हुन्छ ।

१२)निषेधाज्ञा जारी गर्न वा परिरहेको मुद्दै छिनी दिन जुन चाँडो हुन्छ सो गरी दिनुपर्छ ।

१३)निषेधाज्ञा 'नागरिक अधिकार ऐन, २०१२' ले कुनै नागरिकलाई दिएका अधिकार सुरक्षित गर्नलाई बाहेक अरू काममा जारी गर्न हुँदैन ।

संवैधानिक पहिचान

निषेधाज्ञालाई नागरिक अधिकारसँग जोडेर मात्र हेर्ने गरिएको थियो। यसलाई कानूनी अधिकारको रुपमा मात्र लिने गरिन्थ्यो। नेपालको वर्तमान संविधानले निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार जिल्ला अदालतलाई हुने व्यवस्था गरी यो आदेशको संवैधानिक पहिचान प्रदान गरेको छ।[18]

कानूनी व्यवस्था

मुलुकी देवानी संहिता २०७४ को परिच्छेद तीनमा रहेको नागरिक अधिकार सम्बन्धी व्यवस्था अन्तर्गत दफा २६ को उपदफा (३) मा कसैले यस परिच्छेद विपरीत कुनै काम गरेमा वा गर्न लागेको पर्याप्त आशंका भएमा त्यस्तो काम कारवाहीबाट मर्का पर्न जाने व्यक्तिले आफ्नो अधिकारको प्रचलनका लागि प्रादेशिक क्षेत्राधिकार भएको उच्च अदालत वा जिल्ला अदालतमा उजुर गर्न सक्नेछ भन्ने व्यवस्था छ। त्यसैगरी सोही दफाको उपदफा (५) मा उपदफा (३)

---

[18] नेपालको संविधानको धारा १५१ मा रहेको जिल्ला अदालतको अधिकारक्षेत्रमा जिल्ला अदालतलाई बन्दीप्रत्यक्षीकरण निषेधाज्ञालगायतका कानून बमोजिमका निवेदनहरु हेर्ने अधिकार हुने व्यवस्था छ।

बमोजिम परेको उजुरी जाँचबुझ गर्दा प्रत्यर्थीले निजको अधिकारमा केही क्षति पुर्याएको वा क्षति पुर्याउन लागेको देखिएमा सम्बन्धित अदालतले त्यस्तो प्रत्यर्थीको नाममा उजुर गर्ने व्यक्तिको अधिकार उपर क्षति पुग्ने किसिमको काम नगर्न नगराउन र केही काम गरिसकेको भए बाँकी काम नगर्न वा कुनै काम गर्न लगाउन आदेश जारी गर्न सक्नेछ भन्ने व्यवस्था छ।सोही परिच्छेदको दफा २७ मा प्रत्यर्थीले उजुरकर्तालाई बदनियतपूर्वक क्षति पुग्ने कुनै काम गरेको ठहरिएमा सम्बन्धित अदालतले अवस्था हेरी प्रत्यर्थीबाट उजुरकर्तालाई मनासिव क्षतिपूर्ति भराई दिने र सरकारी वा सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीले सो अनुसारको काम गरेको ठहरिएमा क्षतिपूर्तिको रकम त्यस्तो पदाधिकारी वा कर्मचारी आफैंले व्यहोर्नु पर्ने व्यवस्था छ।त्यसैगरी दफा २८ मा कसैले कसैलाई दुख दिने वा हानि नोक्सानी पुर्याउने नियतले झुट्ट उजुरी दिएको ठहरेमा सम्बन्धित अदालतले त्यसरी झुट्टा उजुरी दिने उजुरीकर्ताबाट प्रत्यर्थीलाई मनासिव क्षतिपूर्ति भराई दिनेछ भन्ने व्यवस्था छ। सो परिच्छेदको दफा २९ मा हदम्यादको व्यवस्था गरिएको छ। जसअनुसार मर्का पर्ने व्यक्तिले गिरफ्तार वा थुनिएको हकमा जहिलेसुकै र अन्य अवस्थामा त्यस्तो काम कारवाही भएको मितिले छ महिनाभित्र नालिस गर्न सक्नेछ।

नागरिक अधिकार ऐन, २०१२ को दफा १७ मा सो ऐनद्वारा प्रदत्त अधिकारहरु दावी गर्ने अरु उपाय अन्तरगत गरिएका व्यवस्था यसप्रकार रहेका थिए

(१) यस ऐनद्वारा प्रद्त्त कुनै अधिकारमा कसैले आधात गर्ने शंका लागेमा उच्च अदालतमा उजुरी दिने सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरीमा सम्बन्धित अदालतले जाँचबुझ गरी प्रतिवादीलाई सो नगर्नु भनी निषेधाज्ञा दिने सक्नेछ।

(३) कसैले कसैको ऐनद्वारा प्रदत्त अधिकारमा आधात गरेमा अवस्था हेरी सम्बन्धित अदालतले ठहर गरे बमोजिमको क्षतिपूर्ति अधिकार आधात भएको व्यक्तिलाई दिनु पर्नेछ।

मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५८,१५९ र १६० मा अन्तरिम आदेश र क्षतिपूर्तिसम्बन्धी कार्यविधिगत व्यवस्था गरिएको छ।

साविक नागरिक ऐनको व्यवस्थाको तुलनामा मुलुकी देवानी संहिता २०७४ ले गरेको कानूनी व्यवस्था फराकिलो रहेको छ। साविकमा आशंकाको अवस्थामा मात्र निषेधाज्ञा जारी गरिने कानूनी व्यवस्था भएकोमा वर्तमान कानूनी व्यवस्थामा कुनै काम गरेमा वा गर्न लागेमा भन्ने शव्दावली राखी विस्तार गरिएको छ भने साविकमा कुनै काममा रोक लगाउन मात्र निषेधाज्ञा जारी गर्न सकिनेमा वर्तमान कानूनले कुनै काम गर्न लगाउन सक्ने गरी सकारात्मक प्रबन्ध पनि गरेको छ।त्यसैगरी साविकमा निवेदकलाई क्षतिपूर्ति भराउने सम्मको व्यवस्था रहेकोमा वर्तमान कानूनमा निवेदकले झुट्टा उजुरी दिएको अवस्था देखिए प्रत्यर्थीलाई समेत क्षतिपूर्ति भराउन आदेश दिन सक्ने व्यवस्था गरिएको छ।यसका अलावा निषेधाज्ञाको निवेदनका लागि आवश्यक कार्यविधिगत प्रबन्ध समेत मुलुकी देवानी कार्यविधि संहिता २०७४ले गरेको छ।

सर्वोच्च अदालतको दृष्टिकोण

निषेधाज्ञाको निवदेनका सम्बन्धमा सर्वोच्च अदालतले विभिन्न मुद्दामा गरेको व्याख्याको सारसंक्षेपलाई बुँदागत रुपमा यसप्रकार उल्लेख गरिएको छ:

क. करार समाप्त भैसकेपछि करारअनुसार राखिएका सामानहरूको स्वामित्व सम्बन्धमा प्रश्न उठेमा निषेधाज्ञाको निवेदनबाट हक स्वामित्वको निर्णय हुन नसक्ने । करारबमोजिम आफूले राखेका सामानहरू करार समाप्त भएपछि उठाई लान नदिएमा वा नोक्सानी गरेको भएमा त्यस्तो साम्पत्तिक अधिकारसम्बन्धी छुट्टै विवादको विषय बन्न जाने र त्यसमा सामान्य कानूनी उपचारको व्यवस्था आकर्षित हुने ।[19]

ख. निषेधाज्ञाको आदेश जारी हुँदैमा कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान तहकिकात गर्नलाई रोक लगाएको भनी अर्थ गर्न नमिल्ने हुँदा कानूनबमोजिम आफ्नो अख्तियारीभित्रको क्षेत्रमा कानूनको प्रक्रियाबमोजिम कारबाही गर्नलाई यस्तो आदेशले नरोक्ने ।[20]

[19] इरकन इन्टरनेशनल लि.को तर्फबाट ऐ.का अधिकारप्राप्त कार्यालय प्रमुख परियोजना प्रबन्धक एस.के.सावंत विरुद्ध रावनीदेवी महतोसमेत ने.का.प. २०६९, अङ्क ११ निर्णय नं. ८९१८

[20] धनई साह कानु बिरुद्ध जितेन्द्रप्रसाद साह कानु नेकाप २०७७ अंक १२ नि नं १०६१५

ग. ऐनद्वारा प्रत्याभूत हकमा आघात पर्ने आशंका व्यक्त गर्नेले सर्वप्रथम आफ्नो हकलाई आधारभूत र सारभूत रुपमा (Substantially) स्थापित गर्न सक्नुपर्ने । निषेधाज्ञाको रोहमा कुनै सम्पत्तिमा हक स्वामित्व कायम गर्न वा गराउन नसकिने हुन्छ । अन्यथा भएकोमा बाहेक सर्वे नापीले कुनै जग्गाको चारकिल्ला क्षेत्रफल, स्वामित्व, मोही अवस्थितिलगायतको स्थितिलाई कानूनी तबरबाट निश्चितता प्रदान गर्दछ । त्यसमा चित्त नबुझे कानूनले तोकेको म्याद र प्रक्रियाबमोजिम तोकिएको अधिकारीबाट संशोधन गराउनु पर्ने, दर्ता नभएकोमा दर्ता गराई लिनुपर्ने ।[21]

घ. कानून कार्यान्वयन गर्ने अधिकारीले कानून छाडी नागरिक अधिकार माथि धावा बोल्ने कार्य गरेको छ वा गर्दछ भने त्यसको उत्तरदायित्व उसैले बहन गर्नुपर्ने । सार्वजनिक अधिकारीको गैरकानूनी काम कारवाहीवाट नागरिकको हकाधिकार माथि आघात परेको अवस्थामा निज उपर दावी लिई उचित क्षतिपूर्ति भराई लिन सकिने नै हुँदा मर्का पर्ने व्यक्तिले सोही उपचारको मार्ग अवलम्वन गर्नुपर्ने ।[22]

ङ. धितो राखी जुन कार्यको लागि कर्जा लिएको हो, सो कार्य गर्न सकिन भनी जिकिर लिदैमा ऋण लिएको सांवा व्याज तिर्नु नपर्ने व्यवस्था कुनै कानूनले गरेको नदेखिदा ऋण मिन्हा पाउँ भनी दिएको निवेदनमा कुनै कार्यवाही भएको छैन भनी सांवा व्याज नतिरी बस्नु न्यायसंगत नदेखिने । धितो रहेको अचल सम्पत्तिबाट लिलाम गरी बैंकले आफ्नो सांवा व्याज रकम असुल गर्न सक्ने हुँदा निवेदन दावी खारेज हुने ठहर्या ई गरेको शुरु आदेश मिलेकै देखिंदा सदर हुने ।[23]

च. एकासंगोलमा रहेको अवस्थामा वावुले लिएको ऋण कर्जा असुल गर्न वाणिज्य वैंक ऐन, २०३१ को दफा ४७ मा भएको कानूनी प्रावधानका आधारवाट वैंकले अन्य संगोलका अंशियारको

---

[21] लाहान नगरपालिका वि. लक्ष्मी महतो, नेकाप २०६८ अंक ११ नि नं ८७२१

[22] कलावती ऐरसमेत विरुद्ध सुदुरपश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं.१ महेन्द्रनगर समेत, ने.का.प. २०६५ अङ्क ९ निर्णय नं.८०१०

[23] बसिर अहमद राइन बिरुद्ध कृषि विकास बैंक शाखा कार्यालय, गुलरिया, वर्दीया समेत ने.का.प.२०६० अङ्क ९.१० निर्णय नं. ७२८४

सम्पत्तिवाट समेत लिलाम गरी कर्जा असुल उपर गर्न नसक्ने भन्न मिल्दैन । कानून बमोजिम वैंकले कर्जा असुल गर्ने सम्वन्धी कारवाहीलाई रोक लगाउने गरी निषेधाज्ञा जारी गर्न मिल्ने देखिदैन।[24]

छ. बैंकबाट लिएको ऋण साँवा र ब्याज सेमत पुनरावेदकले नबुझएको अवस्थामा धितो रहेको सम्पत्ती लिलाम गरी ऋण असुल गर्ने प्रकृया अनुसार लिलामी सुचना प्रकाशित गरेको बिपक्ष बैंकको कार्यबाट निवेदकको हकाधिकारमा आघात पर्ने अवस्था बिद्दमान नदेखिदा निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिदा सदर हुने ।[25]

ज. कानून प्रदत्त अधिकार बमोजिम अनुसन्धान तहकिकात गर्ने कार्यलाई अवरुद्ध हुने गरी निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने । [26]

ज. ऋण लिए पछि तोकिएको समय भित्र सो ऋणको साँवा व्याज तिर्नु बुझाउनु ऋणीको प्रमुख दायित्व हुने । ऋण दिने संस्थालाई पनि सर्तमा तोकिएको समयमा ऋण असुल हुन नसकेमा कानून वमोजिम गरी लिन पाउने कानूनले अधिकार प्रदान गर्ने । आफ्नो अधिकार भित्र रही ऋण असुल गर्न लिलामको सूचना प्रकाशित गरिएबाट पुनरावेदकको सम्पत्ति अनाधिकृत रुपमा कब्जा गर्न लागिएको भन्न नमिल्ने ।[27]

झ. निषेधाज्ञा मूलतः कार्य हुने आशंकाको स्थितिमा निर्विवाद हक भोग देखिएकोमा मात्र जारी गर्ने हो । विवादीत जग्गामा हक बेहकको प्रश्न उठी दुई पक्ष बीच अदालतमा झगडा परिरहेको स्थितिमा अदालतबाट अन्तिम टुंगो नलागेसम्म त्यस्तो विवादको जग्गामा प्रतिवादीबाट जुन कार्य गर्न लागेको आशंकाको स्थिति छ सो कार्य हुन दिने हो र परिरहेको मुद्दा टुंगो नलागेसम्म

[24] नारदप्रसाद थारु समेत विरुद्ध महारानी थरुनी समेतने.का.प.२०६० अङ्क ३.४ निर्णय नं.७२०४

[25] शंकरप्रसाद विश्वकर्मा विरुद्ध प्रत्यर्थी नेपाल बैंक लिमिटेड, सिद्धार्थनगर शाखा भैरहवासमेत ने.का.प २०६० अङ्क १.२ निर्णय नं.७१७७

[26] दिवाकर शर्मा समेत बिरुद्ध छवी नेपाल समेत, निर्णय नं७१४६ . ने१०/९अङ्क २०५९.प.का.

[27] सिताराम तामाङ बिरुद्ध नेपाल औद्योगिक विकास निगम, काठमाडौंसमेत ने२०५९.प.का. अङ्क ३ ४/ निर्णय नं. ७०७५

यथास्थितिमा राख्न निषेधाज्ञाको आदेश जारी गर्न इन्कार गर्ने हो भने निषेधाज्ञाको आदेशको निष्प्रयोजन हुन जाने स्थिति हुन्छ ।[28]

ञ. कसैको निर्विवाद हकमा कसैवाट आघात हुने पर्याप्ति आधार र आशंकाको स्थिति विद्यमान छ, निषेधाज्ञा जारी नभएमा निवेदकले अपुरणीय क्षति वेहोर्नु पर्ने स्थिति छ भने मात्र अदालतले हस्तक्षेप गरी निषेधाज्ञा जारी गरी रोक्नु पर्ने हुन आउंछ । निवेदकको लेखाइबाट त्यस्तो स्थिति विद्यमान देखिन नआएकोले निवेदकको माग वमोजिम निषेधाज्ञा जारी गर्नु पर्ने अवस्था नदेखिंने ।[29]

ट. बाटो जस्तो कुरामा हस्तक्षेप हुन दिनु कानूनसंगत र न्यायोचित समेत नहँदा खिचोला मुद्दा समेत अन्तिम किनारा नहुँदा सम्म निषेधाज्ञाको आदेश जारी गर्ने गरेको पुनरावेदन अदालतल पाटनको मिति २०५२।१।२७ को निर्णय आदेश मिलेकै देखिँदा मनासिव ठहर्ने ।[30]

ठ. कुनै नागरिकको निर्विवाद सम्पत्तिमा अर्को व्यक्तिद्वारा आघात पार्ने आशंकाको स्थिति विद्यमान भएको अवस्थामा सो रोकी पहिले जुन अवस्थामा जुन चिज थियो सोही अवस्थामा रहन दिन निषेधाज्ञाको आदेश जारी हुने हो । प्रस्तुत मुद्दामा निवेदकको हक स्वामित्व नै नभएको जग्गामा पसल राखि आएकोमा जनकपुर नगरपालिका कार्यालयबाट पसल हटाउनु भनी पत्र लेखेको कार्यबाट निवेदकको नागरिक अधिकार ऐन, २०१२ अन्तर्गतको सम्पत्ति भोग गर्ने अधिकारमा कानून विपरित आघात पुर्याधउने आशंका भएको भन्न सकिने अवस्था नदेखिँने ।[31]

ड. ढल नाला आदि निर्माण गर्दा कसैको हक भोगको जग्गा पर्न आएमा कानूनको रीत पुर्याेई मात्र जग्गा प्राप्त गर्न सकिन्छ । अन्यथा कसैको हकको जग्गा लिन खोज्नू कानूनसँगत नहुने । निवेदकको हकको घर जग्गा भएको भन्ने कुरामा विवाद नभएको अवस्थामा निजको मन्जुरी वेगर

---

[28] लक्ष्मीकुमारी मानन्धर बिरुद्ध तुयु शाक्य ने.का.प. २०५७ अङ्क १०/११ निर्णय नं. ६९४७

[29] अंगद कुमार खनाल बिरुद्ध खनाल ट्रेडिङ कम्पनी मुकाम त्रिपुरेश्वर समेत नेनिर्णय १०अङ्क २०५६ .प.का. .नं६७९८

[30] कल्पना कुमारी रावल। बिरुद्ध वुद्धि गोपाल रंजित ने.का.प. २०५६ अङ्क २ निर्णय नं. ६६७२

[31] राम किसुन मण्डल बिरुद्ध जनकपुर नगरपालिका कार्यालय जनकपुर ने २०५५ .प.का. अङ्क १२ निर्णय नं . ६६४४

वा कानून वमोजिम वाहेकको नागरिकको वासस्थान पूर्ण वा आंशिक रुपमा क्षति पुर्या उन नमिल्नेमा निवेदकको घरको भाग भत्काउने आशंकाको स्थिति पूर्ण रुपमा देखिंदा निवेदकको घर भत्काउने कार्य नगर्नु भन्ने विपक्षीको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ।[32]

उल्लिखित प्रतिनिधिमूलक व्याख्याका आधारमा हेर्दा सर्वोच्च अदालतले निषेधाज्ञाको अवधारणागत पक्षबाट निर्देशित भएर नै कानूनी व्यवस्थाको व्याख्या गरेको छ।अदालतको व्याख्यामा निवेदनमा उठान गरेका विषयको समन्यायिक दृष्टिकोणले समेत विचार गरी आदेश जारी गर्ने वा नगर्ने निर्णय भएको देखिन्छ। मूलरुपमा अदालत निर्विवाद हक अधिकारको संरक्षणका लागि निषेधाज्ञाको आदेश जारी गरिने हो भन्ने विषयमा स्पष्ट छ तर कुनै कुनै व्याख्यामा विवादित विषयवस्तुलाई यथास्थितिमा राख्न पनि निषेधाज्ञाको आदेश जारी गर्न सकिन्छ भन्ने मान्यता प्रकट भएको देखिन्छ।माथि उल्लिखित व्याख्याले आफूले पालना गर्नु पर्ने कानूनी दायित्व पूरा नगरेको अवस्थामा निवेदकले निषेधाज्ञाबाट उपचार पाउन नसक्ने निष्कर्षमा पुगेको देखिन्छ भने कानूनी व्यवस्थाको परिपालना भैरहेको विषय निषेधाज्ञाबाट हस्तक्षेप गर्न नहुनेमा पनि सजग रहेको देखिन्छ।कतिपय व्याख्याहरु तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा आशंकाको अवस्थामा मात्र निषेधाज्ञा जारी हुनेमा कार्य नै सम्पन्न भएपछि निषेधाज्ञाबाट उपचार दिन नसकिने गरी भएका पनि देखिन्छन्।अहिले आशंकाको अवस्थाका साथै कुनै कार्य भएमा पनि निषेधाज्ञा जारी गरिने गरी कानूनी व्यवस्था गरिएको यहाँ विचार गर्नु पर्ने देखिन्छ।

निषेधाज्ञाको अभ्यास

नेपालको न्यायिक अभ्यास साविकमा अञ्चल अदालतले निषेधाज्ञाको निवदेन सुनुवाइ गर्ने गरेकोमा २०४७ सालको संविधान जारी भएपछि यो अधिकार साविकको पुनरावेदन अदालतले प्रयोग गर्दथ्यो।पछि न्याय प्रशासन ऐन २०४८ मा भएको २०६७।१२।१५ को संशोधन पछि निषेधाज्ञाको अधिकार जिल्ला अदालतले पनि प्राप्त गरेको थियो। नेपालको वर्तमान संविधान जारी भएपछि निषेधाज्ञाको निवेदन जिल्ला अदालतले हेर्न सक्ने गरी संवैधानिक प्रबन्ध गरियो।

[32] विष्णुकुमारी उपाध्याय बिरुद्ध नगेन्द्र राय यादव समेत ने .प.का. २०५४ अङ्क २ निर्णय नं ६३२२ .

मुलुकी देवानी संहिता, २०७४ ले गरेको व्यवस्था अनुसार निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार उच्च अदालतमा पनि रहेको छ।उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाका आधारमा दुवै अदालतबाट निषेधाज्ञाको निवेदन सुनुवाइ गर्ने गरिएको छ।

हालसम्मको अभ्यास हेर्दा निषेधाज्ञाको निवेदनले हक अधिकारको प्रचलनका लागि सहज पहुँच कायम भएको देखिन्छ।निषेधाज्ञाको निवेदनमा भएको आदेशमा चित्त नबुझ्ने पक्षले एक तह पुनरावेदन गर्न पाउने व्यवस्था समेत रहेको हुँदा जिल्ला अदालतले गरेको आदेश उपर उच्च अदालत र उच्च अदालतले गरेको आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने गरेको छ।

निषेधाज्ञाको निवेदनको प्रयोग र दुरुपयोग भैरहेको देखिन्छ। हक अधिकारको प्रचलनका लागि पहुँचयोग्य अदालतमा निवेदन दिन सकिने व्यवस्था यसको सकारात्मक पक्ष हो। समयमा नै अन्तरिम आदेश जारी भई अपुरणीय क्षति हुनबाट जोगाउन समेत निषेधाज्ञाको निवदेनले सहयोग पुर्याएको छ। सरकारी वा सार्वजनिक निकाय एवम् संघ संस्था र व्यक्तिका विरुद्ध पनि उपचार खोज्न सकिने भएकोले आफ्नो निर्विवाद हक भोग र स्वामित्व भएको सम्पत्तिको हक र संविधान र कानूनले प्रत्याभूत गरेको अधिकारको हनन् हुने आशंका रहेको वा हनन् भै रहेको अवस्थामा रोक लगाउन यो आदेश एउटा राम्रो र प्रभावकारी उपचारको माध्यम बन्न सकेको छ। तर यसको प्रयोगका सकारात्मक पक्ष मात्रै रहेका छैनन्। यो रिटको अभ्यासमा अनेकन विकृति पनि रहेको पाइन्छ।खासगरी एउटा अदालतमा निषेधाज्ञाको अभ्यास गरी उपचार पाउन नसकेपछि सो तथ्य लुकाई अर्को अदालतमा निवेदन दिएर अन्तरिम आदेश जारी गराएको अवस्था पनि देखिएको छ।समानान्तर अधिकारक्षेत्रका बारेमा तथ्य लुकाई निवेदन पर्ने संख्या उल्लेख्य रुपमा रहेको छ।कतिपय अवस्थामा निवेदकले आफूले पालना गर्नु पर्ने दायित्वको पालना नगरी अर्को पक्षबाट हक अधिकार हनन् भएको भन्ने निवदेन पनि उल्लेख्य रुपमा पर्ने गरेको देखिन्छ।एउटै विषयमा एउटै परिवारका सदस्यले आलोपालो निषेधाज्ञाको निवदेन दिएको पनि पाइएको छ।तथ्य ढाँटी एकपक्षीय सुनुवाइका आधारमा अन्तरिम आदेश जारी गराई लामो समयसम्म सो निवदेन किनारा गर्न नदिने गरी सम्बन्धित पक्षले उल्झन खडा गरेको र अनाबश्यक रुपमा कानूनको कार्यान्वयनमा अवरोध खडा गरेको अवस्था पनि देखिन्छ।

खासगरी निषेधाज्ञाको निवदेनमा प्रहरीबाट गैरकानूनी रुपमा धरपकड गर्ने सम्भावना भएको भन्ने, कालो सूचीमा समावेश गर्न लाग्यो भन्ने, विना जानकारी लिलाम गर्न लाग्यो भन्ने, हरहिसावसम्बन्धी मुद्‌दा परिरहेको अवस्थामा धितो लिलाम गर्न लाग्यो भन्ने जस्ता विषयमा निषेधाज्ञाका निवेदनहरु उल्लेख्य संख्यामा पर्ने गरेका छन्।

निषेधाज्ञाको निवेदन सुनुवाइ प्रक्रिया

निषेधाज्ञाको निवेदन मर्का पर्ने पक्षले आफ्नो हक अधिकार हनन् भएको वा हुने आशंका विद्‌यमान रहेको आधार र कारण खुलाई उच्च अदालत वा जिल्ला अदालतमा निवेदन दिन सक्नेछन्।त्यस्तो निवेदन परेमा सो निवेदनको प्रारम्भिक सुनुवाइका लागि उच्च अदालतमा एक न्यायाधीशको इजलासमा पेश गरिन्छ।जिल्ला अदालतमा सबै विवादहरु एक न्यायाधीशको इजलासमा नै पेश हुने भएकोले निषेधाज्ञाको निवेदन पनि सोही अनुसार पेश गरिन्छ।पहिलो सुनुवाइमा निवेदकको उपस्थितिमा गरिन्छ र निवेदन उपर प्रारम्भिक सुनुवाइ गरिन्छ।प्रारम्भिक सुनुवाइमा निवेदन आवश्यकता अनुसार देहायका आदेश गरिन्छः

क. निवेदन प्रथमदृष्टिमा नै उपयुक्त नभएमा खारेज गर्ने वा दावी पुग्न नसक्ने गरी आदेश गरिन्छ।

ख. निवेदन उपर अर्को पक्षको पनि कुरा सुनी निर्णयमा पुग्न उपयुक्त देखिएमा विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरिन्छ। कारण देखाउ आदेश जारी भएपछि निषेधाज्ञाको निवदेन उच्च अदालतको हकमा संयुक्त इजलासबाट सुनुवाइ गरिन्छ। कारण देखाउ आदेश जारी गर्दा बाटाको म्याद बाहेक पन्ध्र दिनको समय दिने गरिन्छ।

ग. कारण देखाउ आदेशसँगै निवेदकले उठाएको विषयमा प्रथमदृष्टिमा नै विपक्षीले गरे विराए जस्तो देखिएमा वा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने अवस्था देखिएमा वा सुविधा र सन्तुलन निवेदकको पक्षमा देखिएमा एकपक्षीय सुनुवाइ कै क्रममा अन्तरिम आदेश जारी गर्न (Interim restraining order-IRO) वा अन्तरिम आदेशका लागि अर्को पक्षलाई छलफलमा झिकाउन वा छलफलबाट टुंगो नलागेसम्म अन्तरकालीन अन्तरिम

आदेश (Interlocutory interim order) जारी गर्न सकिन्छ। अन्तरिम आदेश जारी गर्ने नगर्ने विषयमा दुवै पक्षसँग छलफल गरी अन्तरिम आदेश जारी गर्नु पर्ने अवस्था देखिएमा निवेदनको अन्तिम किनारा नभएसम्मका लागि अन्तरिम जारी गर्न वा अन्तरिम आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिएमा सोही बेहोराको आदेश गर्न सकिन्छ।

घ. अन्तरिम आदेश जारी गर्दा वा अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दा आधार र कारण खुलाउनु पर्दछ।[33] एकपक्षीय सुनुवाइको क्रममा जारी भएको अन्तरिम आदेश उपर चित्त नबुझ्ने पक्षले त्यस्तो अन्तरिम आदेश रद्ध गरी पाउँ भनी निवेदन दिन सक्छ। परिस्थितिमा परिवर्तन भएमा पनि अन्तरिम आदेशका सम्बन्धमा निवदेन दिन सकिन्छ। अन्तरिम आदेश रद्धका लागि परेको निवेदन वा परिस्थितिमा परिवर्तन भई अन्तरिम आदेशका सम्बन्धमा सुनुवाइ गर्दा दुवै पक्षको उपस्थितिमा सुनुवाइ गरिन्छ।

ङ. लिखित जवाफ परे वा अवधि नाँघेपछि पूर्ण सुनुवाइका पेशी चढाई पेश गरिन्छ।निषेधाज्ञाको निवेदनमा आवश्यकता अनुसार अदालतले प्रमाण संकलन गर्न समेत सक्दछ।खास गरी विवादित विषयसँग सम्बन्धित कागजात झिकाउने र विवादित विषयको बस्तुस्थिति खुलाउने गरी आदेश गर्न सकिन्छ।

च. अन्तिम सुनुवाइमा दुवै पक्षका कुरा सुनी पेश भएका आधार र कारणको विवेचना गरी माग बमोजिम permanent injunction को रुपमा निषेधाज्ञाको आदेश जारी गर्न वा निवेदन दावी नपुग्ने गरी आदेश गर्न वा निवेदन खारेज गर्न सकिन्छ।निवेदन खारेज भएमा अन्तरिम आदेश जारी भएको भए त्यस्तो आदेश स्वत खारेज हुन्छ।

छ. निषेधाज्ञाको निवदेनमा भएको आदेश उपर एक तह माथिको अदालतमा पुनरावेदन लाग्न सक्छ।

[33] अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने र खारेज गर्नुपर्ने अवस्था के कति कारणबाट पर्न गएको हो सो आदेशमा खुलाउनु पर्ने। शिवचन्द्र पंडित बिरुद्ध विपक्षीविपक्षीः जिल्ला विकास समिति पर्सा समेत : वादी/ ने.प.का. २०५९ अङ्क ११ १२/ .निर्णय नं७१४९

निषेधाज्ञाको निवदेनका सन्दर्भमा गर्न सकिने सुधारका क्षेत्रहरु

निषेधाज्ञाको निवेदनको कारवाहीमा देखिएका हालसम्मका अभ्यासबाट पहिचान गरिएका समस्याको समाधानका लागि देहायका उपायहरु अबलम्बन गर्न सकिन्छ:

- निषेधाज्ञाको निवेदन दिँदा परमादेशसमेतका अन्य रिटको समेत दावी लिने गरेको देखिन्छ।निषेधाज्ञाको निवदेन र रिटको अवधारणागत पक्ष र उपचारको उद्देश्य नै भिन्न भएको र कार्यविधिगत विषय पनि फरक भएको अवस्थामा निषेधाज्ञा र अन्य रिटलाई संयुक्त रुपमा दावी लिई दर्ता गर्ने उच्च अदालतको अभ्यासमा सुधार ल्याउनु पर्ने देखिन्छ।निषेधाज्ञाको निवेदनमा अन्य रिटको दावी गर्नु उपयुक्त हुँदैन।
- निषेधाज्ञाको निवदेनमा अन्तरिम आदेश जारी गर्दा रिट निवेदनमा आकर्षित हुने उच्च अदालत नियमावली, २०७३ को नियम ४२ को आधारमा जारी गर्ने गरिएको छ। सो अभ्यासमा पुनरावलोकन गरी मुलुकी देवानी संहिता २०७४ को दफा १५६ बमोजिमका आधारमा जारी गर्नु उपयुक्त हुन्छ।
- नेपालको संविधानले निषेधाज्ञाको आदेश जारी गर्ने अधिकार जिल्ला अदालतलाई सुम्पिएको अवस्था हुँदा मुलुकी देवानी संहितामा सुधार गरी निषेधाज्ञाको निवेदन जिल्ला अदालतमा मात्र लाग्ने र उच्च अदालतमा सोको पुनरावेदन लाग्ने व्यवस्था गर्न सकिन्छ।यसले सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने कार्यबोझ घटाउन पनि सहयोग पुग्दछ भने विवरण ढाँटी समानान्तर अधिकारक्षेत्रको प्रयोग गर्न पनि निरुत्साहित तुल्याउँछ।
- निषेधाज्ञाको निवेदनको अवधारणागत पक्ष र यसको अभ्यासका बारेमा सम्बद्ध सबै तहका जनशक्तिलाई प्रशिक्षित गरिनु पर्दछ।
- निषेधाज्ञाको निवेदनको कारवाही प्रक्रियाका बारेमा न्यायिक दिग्दर्शन तयार गर्नु उपयुक्त देखिन्छ।यस्तो दिग्दर्शनमा प्रतिनिधिमूलक न्यायिक दृष्टिकोणसमेत समावेश गर्नु उपयुक्त हुन्छ।
- निषेधाज्ञाको निवेदनमा खासगरी अन्तरिम आदेश जारी गर्ने र नगर्ने अवस्थाबा बारेमा सुनुवाइ गर्दा यसको प्रयोजन र सन्दर्भको उचित मूल्यांकन गरिनु पर्दछ।अन्तरिम आदेश जारी गर्दा विचार गर्नु पर्ने पूर्वशर्त वा स्थापित आधार स्पष्ट खुलाउनु पर्दछ।
- गलत विवरण उल्लेख गरी बदनियतपूर्वक निवेदन दिने निवेदकलाई कानूनी व्यवस्था अनुसार दण्डित गरी सोको जानकारी सार्वजनिक गर्न सकेमा यो निवेदनको दुरुपयोग रोक्न सहयोग पुग्ने देखिन्छ।

- अन्तरिम आदेश जारी भएको कारण प्रत्यर्थीलाई क्षति पुग्न गएको अवस्थामा त्यस्तो क्षतिको दायित्व निवेदकले व्यहोर्नु पर्ने गरी मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १६० ले गरेको व्यवस्थाको कार्यान्वयन गर्न सकिएमा वास्तविक मर्का परेको निवेदकमात्र न्यायिक उपचारका लागि निषेधाज्ञाको माग गरी अदालत आउने अवस्था कायम हुन सक्छ।त्यसतर्फ पनि निषेधाज्ञाको निवेदनको कारवाही प्रक्रियामा विचार पुर्‍याउनु पर्ने देखिन्छ।
- निवेदन वा लिखित जवाफमा विवरण ढाँट्ने पक्षहरुलाई सजाय गर्ने व्यवस्था गर्न सकिएमा मात्र तथ्यपरक रुपमा निवेदन गर्ने वा जवाफ दिने अभ्यास विकास हुन सक्ने देखिन्छ।
- निषेधाज्ञा समन्यायिक उपचारको आधार भएकोले यसलाई कानूनी व्यवस्थाका साथै पक्षलाई वास्तविक उपचार उपलब्ध गराउन सकिने समन्यायिक उपायहरुसमेत आवश्यकता अनुसार अवलम्बन गर्न सकिन्छ।यो विषयमा न्यायिक जनशक्तिलाई अभिमुखीकरणको आवश्यकता रहेको छ।

निष्कर्ष

निषेधाज्ञाको निवेदन निर्विवाद हक अधिकारको हनन् हुनबाट जोगाउनका लागि विकास भएको विशेष उपचारको प्रबन्ध हो।यसको अवधारणा अनुसारको अभ्यास गर्न सकेमा मात्र जिल्ला तहसम्म यो अधिकार प्रदान गर्ने संवैधानिक व्यवस्थाको सार्थकता कायम हुन सक्छ।निषेधाज्ञाको आदेश जारी गर्दा अर्को पक्षलाई पुग्न सक्ने हानिका बारेमा पनि विचार गर्नु पर्ने हुन्छ।त्यसैले निषेधाज्ञाको निवेदन सुनुवाइ गर्दा निर्णयकर्ताले एकदम विवेकपरक र होसियारी पुर्‍याउनु पर्ने हुन्छ।खासगरी एकपक्षीय सनुवाइका आधारमा अन्तरिम आदेश जारी गरिने विषयलाई अपवादको रुपमा मात्र अभ्यास गरिनु उपयुक्त हुने देखिन्छ।त्यसैगरी निवेदकले दावी गरेका तथ्य एवम् विवरणको सत्यतालाई पनि पेश भएका कागजातले समर्थन गरेको अवस्था हुनु पर्दछ।समन्यायिक उपचारको अवधारणा भएको कारण निर्णयकर्ताले निषेधाज्ञाको आदेश जारी गर्दा यसका पूर्वशर्तहरु निर्विवादरुपमा स्थापित भए नभएको तर्फ बस्तुगत मूल्यांकन गरी निष्कर्षमा पुग्नु उपयुक्त हुन्छ।

कानून व्याख्याको सिद्धान्त र नेपालको अभ्यास

सावित्रा घिसिङ
शाखा अधिकृत, उच्च अदालत पाटन

नेपालको संविधानको धारा ३०६ र नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० मा कानूनको व्याखा सम्बन्धी व्यवस्था गरेको छ। विधायिकाको मनसाय पत्ता लगाउने कार्य वा व्यवस्थापिकाले प्रयोग गरेको शब्दको सही अर्थ र उद्देश्य पत्ता लगाउने कार्यलाई कानूनको व्याख्याको भनिन्छ। विधायिकाले कानून निर्माण गर्दा सबै–सबै शब्द, वाक्य, अर्थ र सन्दर्भ केलाउन नपाएको वा छुटेको कारणले कानूनमा कमीकमजोरी वा छिद्रहरु loopholes लाई टाल्नका लागि समेत कानूनको व्याख्या **गरिन्छ। यसरी** कानूनको व्याख्या गर्दा प्रयुक्त शब्द, भाषा, वाक्य आदिलाई मूल मानेर व्याख्या गरी न्याय प्रदान गर्ने प्रक्रिया र शैलीबाट विधायिकाले कानून निर्माण गर्दा जुन अर्थमा सो शब्द, भाषा, वाक्यको प्रयोग गरेको हो सोही अर्थ गर्नु पनि कानूनको व्याख्या हो।

यसरी कानूनको व्याख्या गर्दा कानून निर्माण गरेको बखतको समयको मनसाय, समय-सन्दर्भ, वातावरण, अवस्था, प्रसंग तथा परिस्थिति तथा अर्को अर्थ नलाग्ने गरी व्याख्या गर्नुपर्छ।
कानून व्याख्याको सिद्धान्त अनुसार यदि कानुन प्रष्ट छ, त्यसमा कुनै दुविधा छैन भने सामान्य रुपमा त्यसको जे जस्तो अर्थ हुन्छ त्यही अर्थमा त्यो कानुनलाई लागू गर्नु पर्छ, बलपूर्वक त्यसको व्याख्या गरी असाधारण वा असमान अर्थ खोज्ने प्रयास गर्न हुन्न । नि.नं.४३५०
अर्थवाद वा शाब्दिकवाद (सेमेन्टिसिज्जम) रशब्द, भाषा वा वाक्यको अर्थ मात्र नहेरी त्यसमा आएको सान्दर्भिक सम्बन्ध सहित विषय र सन्दर्भलाई जोडेर हेरी सान्दर्भिक व्याख्या गर्ने कार्यलाई व्याख्यावाद (इन्टरप्रेटिभिज्जम) भनिन्छ।
प्रत्येक कानूनी वाक्यमा शब्द र भावना (लेटर एण्ड स्पीरिट) अर्थात शब्दको देखिने सोझो अर्थ अथवा कानूनको अर्थ खुल्लै देखिने हुन्छ भनेदोस्रोमा त्यो शब्दमा गर्भित वा लुकेको वा जोडिएको अर्थ सहित भावना अथवा कानूनी दस्तावेजभित्र लुकेको अर्थ तथा भावना केलाएर र विश्लेषण गरीखोज्नुपर्ने हुन्छ ।

कानूनको व्याख्याको आवश्यकता

कानूनका मस्यौदाकारले मस्यौदा गर्दा गरेका त्रुटि विधायिकाले नदेख्न पनि सक्ने वा मस्यौदाकारले गरेको मस्यौदा सही भए पनि विधायिकामा प्रस्तुत भएपछि वेठीक रुपमा पारित हुन सक्छ । भनिन्छ विधेयक सदनमा प्रस्तुत गर्दा श्रृङ्गार गरेर बसेकी सुन्दरी जस्तो हुन्छ तर सदनबाट फर्कदा साँडेले लखेटेकी गाई जस्तो । कानूनको मस्यौदा विधायिकामा पेश भई दफावार छलफल हुँदा मस्यौदाकारको उद्देश्य, सिलसिला, शब्द प्रयोगका कारण जस्ता कुराहरू छलफलको क्रममा क्षतविक्षत भई कानूनलेदिन खोजेको न्यायको बाटोमा absurd वा obsolete वा न्याय प्रति उपहास गर्ने खालको हुनपनि सक्छ । विधायिका ती सबै पक्षमा ध्यान पुऱ्याउन नपाएको वा ध्यान नगएको पनि हुन सक्छ। त्यसैले कानूनको व्याख्या आवश्यक भएको हो। कानूंनमा प्रयुक्त अनेकार्थकर्ता (Ambiguity), असङ्गतता (Inconsistency),अपूर्णता (Incompleteness), अस्पष्टता (Vagueness), तर्कहीनता (Logiclessness)असफल विधायिका (Unsuccessful legislature) लाई हटाई विधायिकाको मनसायको अनुरुपको कानूनको प्रयोगमा जोड दिन कानूनको तर्कपूर्ण तथा अर्थपूर्ण व्याखाको आवश्यकता रहेको हुन्छ।

कानूनको व्याख्याको सिद्धान्त

प्रसिद्ध कानुनविद् Salmand ले शाब्दिक व्याख्या (Literal Interpretation) र कार्यात्मक व्याख्या (Functional Interpretation) भनी उल्लेख गरेकोमा ताब्दिक व्याख्यामाकानुनको दफा / नियमको वाक्यांश वा वाक्यको व्याख्या गर्दा व्याकरणको नियमानुसार गर्नुपर्छ र शाब्दिक अर्थभन्दा बाहिर जानुहुँदैन भन्ने देखिन्छ भने कार्यात्मक व्याख्या (Functional interpretation) मा वा तार्किक व्याख्या (logical) मा कानुनमा प्रयुक्त शब्दहरूमा मात्र निहित नरही उक्त कानुनभित्र ऐनको आत्मा/मनसाय वा मनसायको आन्तरिक मन,विधायिकाको वास्तविक अभिप्राय वा कर्तव्य (Internal) अभिव्यक्तिको व्या गर्नु हो। यसमा तार्किक शक्तिद्वारा कानूनको गहिराइमा पुगी विधायिकाको आशय वा मनसाय पत्ता लगाउने कार्य तार्किक व्याख्या भनिन्छ। साथै, यसलाई ऐतिहासिक व्याख्या (Historical interpretation) वा सामाजिक व्याख्या (Sociological interpretation) वा उदार व्याख्या (Liberal interpretation) भनी उल्लेख गर्न सकिन्छ।

व्याख्याका सामान्य नियम

1. व्याख्या गर्दा सम्पूर्ण ऐन पढेर गर्नुपर्छ ।
2. विधायिकाको मनसाय वा विधायिकाले प्रयोग गरेको शब्दको आसय तर्फ केन्द्रित भई व्याख्या गर्नुपर्छ ।
3. ऐनको उद्देश्य र नीति पहिल्याएर व्याख्या गर्नुपर्छ ।
4. शब्दहरूको अर्थ गर्दा चलनचल्तीको साधारण अर्थ लगाउनु पर्छ ।
5. विशेष अर्थको लागि प्रयुक्त शब्दको विशेष अर्थमा नै व्याख्या गर्नुपर्छ ।

6. ऐनको प्रावधान स्पष्ट छ भने त्यसलाई लागू गर्नुपर्छ ।
7. प्रयुक्त कुनै शब्को अर्थ वेकम्मा वा निरर्थक नहुने गरी व्याख्या गर्नुपर्छ ।
8. ऐनका प्रावधान एक अर्कामा harmonious छन् contradict छैनन् भन्ने सम्झी व्याख्या गर्नुपर्छ ।
9. हक वा अधिकारको व्याख्या भएकोमा उपचार प्राप्त हुनेगरी अर्थात् अधिकार क्षेत्र शून्य नहुने गरी व्याख्या गर्नुपर्छ ।
10. ऐनमा प्रष्ट व्यवस्था नभई निहित अधिकार समाप्त हुँदैन ।
11. ऐनमा प्रष्ट व्यवस्था नभई अदालतहरूको अधिकार क्षेत्र घटबढ हुँदैन ।
12. स्वभाविक उद्देश्यमा विरोधाभाष हुनेगरी वा वाहियात अर्थ निस्कने गरी व्याख्या गर्नु हुँदैन ।
13. Ligically defeat भएमा ।
14. Absurdity र Unreasonableness

कानूनको व्याख्या गर्दा उल्लिखित सामान्य नियमको अलवा प्रमुख सिद्धान्त समेत रहेको छ। सामान्यतयाः व्याख्याका तीनवटा सामान्य नियम वा सिद्धान्तहरुलाई General Rules of Interpretation पनि भन्ने गरिन्छ। यसका साथै व्याख्याको नियमअन्तर्गत निम्नलिखित सिद्धान्तहरू पर्दछन्ः

* शाब्दिक व्याख्याको सिद्धान्त (Literal Interpretation)

* स्वर्णिम व्याख्याको सिद्धान्त (Golden Rule)

* दुष्कृतिको नियम (Mischief Rule)

शाब्दिक नियम(Literal Rule)

कानुनी क्षेत्रमा सुपरिचित (popular) कानुनी शब्दावली (Legal terms) लाई त्यसको स्वाभाविक अभिप्राय (Popular sense) लाई ग्रहण शाब्दिक व्याख्या गरिनुपर्छ।प्रस्तुत नियमा बेलायती न्याय प्रणालीमा १८ औं/१९औं शताब्दीमा धेरै प्रचलनमा आएको वा यस नियमलाई Salmond ले Common Law System हुने मुलुकमा Literal rule भनिने र Civil Law System हुनेमा यसलाई Grammatical Rule भनिने बताएका छन् ।

व्याख्याको शाब्दिक नियम अनुसार, “The words and phrases of technical legislation are used in their technical meaning if they have acquired one, and otherwise in their ordinary meanings, and the second is that the phrases and sentences are to be constructed according to the grammar if there is nothing to modify alter or qualify the language which the statute contains it must be construed in the ordinary and natural meaning of the words and sentences (Maxwell on the interpretation of statutes – 1989 P28)

शाब्दिक नियममा ध्यान दिनुपर्ने कुराहरु

१. कानुनी शब्दावली (Legal terms): कुनै ऐनमा प्रयुक्त शब्दावलीहरूको कानुनी दृष्टिबाट अलग्गै महत्त्व हुन्छ। यस्ता शब्दहरू कानुनी क्षेत्रमा सुपरिचित (popular) हुन्छन्, जबसम्म यी शब्दहरूको विशेष अर्थ परिभाषित गरिएको हुँदैन, तबसम्म त्यसको स्वाभाविक अभिप्राय (Popular sense) लाई ग्रहण गरिनुपर्छ।

(२) प्राविधिक शब्दको आधिकारिक अर्थ (Authentic meaning of Technical words) कानुनमा प्रयुक्त शब्दावलीको अर्थ शाब्दिक अर्थभन्दा बेग्लै हुन्छ। यस्तो शब्दहरू जुन क्षेत्रमा प्रचलित रहेको सोही क्षेत्रको अर्थ ग्रहण गरी व्याख्या गरिनुपर्दछ।

(३) शब्दहरू थप्नु र हटाउनु (Addition and removal of words): कानुनमा प्रयुक्त कुनै शब्द जोड्न र प्रयुक्त शब्दलाई उपेक्षा गर्न पनि हुँदैन। अदालतले कानुनको व्याख्या गर्दा आफ्नो तर्फबाट कुनै शब्द थप्न र कुनै शब्द हटाउनमिल्दैन।

(४) समान अर्थ ग्रहण गर्नुपर्ने (Equal meaning should be adopted): ऐनमा प्रयुक्त शब्दहरूको एउटै समकक्षी अर्थ ग्रहण गरिनुपर्छ। एकै खालका शब्दहरू एकभन्दा बढी ठाउँमा प्रयोग भएको अवस्थामा सबै ठाउँमा तिनको एकै प्रकारको अर्थ (Same words having same meaning) ग्रहण

(५) शब्दहरूको यथार्थ प्रयोग (Accurate use of words): ऐनमा प्रयुक्त शब्दको यथार्थ अर्थ पत्ता लगाई व्याख्या गर्नुपर्छ।

साथै, शाब्दिक व्याख्याका अस्पष्टता, दुई अर्थ लाग्ने किसिमको, (ambiguity), असंलग्नता (inconsistency) र अपूर्णता जस्ता दोषहरु समेत रहेको हुन्छ। साथै सामान्य रुपमा निम्नानुसार ध्यान दिन पनि आवश्यक रहेको छ।

- शब्द र शब्दावली कुनै प्राविधिक प्रयोजनको लागि प्रयोग भएको भए प्राविधिक अर्थमा नै व्याख्या गर्नुपर्छ ।
- प्राविधिक बाहेकका शब्दको सामान्य अर्थ गर्नुपर्छ ।
- वाक्य र शब्दावलीको व्याख्या व्याकरण अनुसार गर्नुपर्छ ।
- ऐनमा modify, alter वा qualify गर्ने भाषा प्रयोग नभएको भए शब्द र वाक्यको व्याख्या सामान्य र प्राकृतिक अर्थ निस्कने गरी गर्नुपर्छ।
- ऐनमा शब्दको व्याख्या भएमा त्यही व्याख्या दिनुपर्छ, नभए कानुन व्याख्या सम्बन्धी ऐनको व्याख्या आकृष्ट हुन्छ र सो पनि नभए शब्दकोषको अर्थ)Dictionary Meaning) दिनपर्छ।

- शाब्दिक व्याख्यामा समग्र सन्दर्भ (Total Context)लाई ध्यानमा राखी व्याख्या गरिन्छ। तर कहिलेकाही Generis concept बाट समयानुकूल व्याख्या गर्न पनि अदालतहरू पछि पर्दैनन्।

सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु

1. टेक बहादुर वि .पृ २०१७रामभक्त ने.का.प. .८ व्याख्या गर्दा व्याकरणको हल बमोजिममा स्वभाविक हुन्छ त्यही अर्थ लगाउनु पर्छ ।
2. नेसंविधानको व्याख्या र शाब्दिक व्याख्या :९४पृ २०५०का.प. .
3. ने .पृ २०५०का.प. .९४विधि व्याख्या सिद्धान्त तथा शाब्दिक एवं व्याकरणिक व्याख्या :
4. सर्वोच्च अदालतबाट नेपाल सरकार विरुद्ध उपेन्द्र मुखिया विन भएको अप्राकृतिक मैथुनसम्बन्धी मुद्दामा कानूनको व्याख्यासम्बन्धी सिद्धान्तअन्तर्गतको शाब्दिक व्याख्याको सिद्धान्त (Literal Rule of Interpretation) अनुसार ऐनमा प्रयोग भएका भाषा वा शब्दलाई न्यायकर्ताले जस्ताको तस्तै कुनै अर्थ नविगारी र कुनै शाब्दिक लेप नलगाई ऐनको भावअनुकूल व्याख्या गर्नुपर्दछ भन्ने सिद्धान्तको व्याख्या गरिएको पाइन्छ ।
5. कानूनको व्याख्यासम्बन्धी सिद्धान्तअन्तर्गतको शाब्दिक व्याख्याको सिद्धान्त)Literal Rule of Interpretation) अनुसार ऐनमा प्रयोग भएका भाषा वा शब्दलाई न्यायकर्ताले जस्ताकोतस्तै कुनै अर्थ नबिगारी र कुनै शाब्दिक लेप नलगाई ऐनको भावअनुकूल व्याख्या गर्नुपर्दछ भन्ने हो । जबरजस्ती करणी महलको ३क नंको कानूनी व्यवस्थामा पनि किटेर नै महिला भन् .ने शब्द उल्लेख भएको छ । विधायिकाले यो व्यवस्थामा महिला त्यसमाथि पनि अशक्त, अपाङ्ग र गर्भवती भन्ने शब्द प्रयोग गरेकाले यो व्यवस्था महिलाको सन्दर्भमा मात्र केन्द्रित भएको देखिने

Golden Rule स्वर्णिम सिद्धान्त

कानुनको व्याख्या गर्दा कानुनमा प्रयुक्त शब्दको शाब्दिक वा व्याकरणमूलक अर्थ लगाउनुपर्छ। तर त्यसमा प्रयुक्त शब्द, अस्पष्ट, संदिग्ध एवं बहुअर्थी छ भने त्यस्तो शब्दलाई केही हदसम्म सुधार्न र कानुनको खास मनसायमा पुग्न गरिने व्याख्यालाई स्वर्णिम व्याख्या भनिन्छ। Maxwell का अनुसार सुनौला नियम शाब्दिक नियमको सुधारिएको रुप हो। Salmond का बिचारमा कानुनमा प्रयुक्त शब्दहरूको आधारमा मात्र व्याख्या गर्दा Absurdity र Unreasonableness भएमा वा ऐनमा कुनै Clerical Error भएमा वा ऐनको शाब्दिक अर्थ गर्दा विधायिकाको इच्छा मर्ने भएमा शाब्दिक अर्थमा निर्भर नभई व्याख्याको सुनौला नियम अपनाइन्छ । यस अर्थमा सुनौला नियम शाब्दिक व्याख्याबाट निर्णयमा पुग्दा हुनसक्ने गल्ती र त्रुटि सच्याउन अपनाइने नियम हो । व्याख्याको स्वर्णिम नियम अबलम्बन गर्दा absurd, unjust र immoral परिणाम निस्कनबाट बचाउन सकिन्छ । खासगरी, व्यवस्थापिकाले के गर्न खोजेको हो, आसयको सो गहिराईसम्म पुग्न यो नियमले प्रोत्साहन प्रदान गर्दछ । Gray V Pearson (1857), Lord Wenslelydale

स्वर्णिम नियमले अतार्किक, अनिश्चित र अनैतिक परिणामको उपेक्षा गरी विधिको मुख्य सिद्धान्तको रक्षा गरी विधायिकाको मनसायलाई प्राथमिकता प्रदान गर्दछ। कानुनमा प्रयुक्त शब्दबाट उत्पन्न संदिग्धता वा असंगतिलाई हटाई ती शब्दको सामान्य अर्थमा संशोधन गरिन्छ।

स्वर्णिम नियमका केही मूलभूत सिद्धान्तहरू

(१) कानुनमा प्रयुक्त शब्दको अर्थ निश्चित गर्दा वा विधायिकाको मनसायलाई पत्ता लगाउन ऐनको उद्देश्यमाथि ध्यान दिनुपर्दछ। कानुनको उद्देश्य (Objects of statutes) लाई यसरी अर्थ गर्दा नजरअन्दाज गर्न हुँदैन।
(२) कानुन बनाइएको सन्दर्भलाई भुल्न नहुने।
(३) प्रस्तावनाले विधायिकाको उद्देश्यलाई समेत प्रस्ट पार्न मद्दत गर्ने हुनाले यसलाई ध्यान दिनुपर्ने,
(४) कानुनको व्याख्या गर्दा र, एवम्, वा को प्रयोगलाई गम्भीरतापूर्वक ध्यान दिनुपर्दछ।

Mischief Rule (दुस्कृति नियम)

यो सिद्धान्तको बारेमा प्रथमतः सन् १५८४ मा Heydons Case मा चर्चा भएको देखिन्छ । सो फैसलामा Barons of the exchequer को निर्णयमा कानुन निश्चयात्मक र सही व्याख्या गर्न चार मुख्य कुरालाई ध्यानमा राख्नुपर्छ ।

1. ऐन आउनु भन्दा पहिलेको Common Law के थियो अर्थात ऐन बन्नुपूर्व त्यस विषयको ऐनले के प्रावधान राखेको थियो ।
2. प्रचलित कमन ल को कुन चाहिँ दुस्कृति वा खराबीलाई हटाउन वर्तमान ऐन आएको हो । अर्थात साविकको ऐनले कुन खराबी हटाउन नसकेकोले वर्तमान ऐन आएको वा त्यसमा संशोधन भएको हो ।
3. वास्तवमा नयाँ ऐन अन्तरगत विधायिकाले मुलुकमा कुन प्रकारको उपचारको अपेक्षा गरेको हो, वा खराबीको निदानको लागि कस्तो व्यवस्था गर्न खोजेको हो ।
4. उपचारको सही तर्क र कारण के हो ।

व्याख्याको यो सिद्धान्त अनुसार व्यवस्थापिकाले इच्छित रुपमा एक किसिमका दुस्कृति हटाउन ऐन बनाएकोमा अदालतले अरु कुनै दुस्कृति वा खराबी हटाउने गरी व्याख्या गर्न मिल्दैन ।

व्याख्याको यो नियम विगत र वर्तमान बीचको अन्तरलाई समन्वय गरी विधायिकाले गर्न खोजेको सुधार वा उपचारलाई जीवन्तता प्रदान गर्ने पक्षसँग सम्बन्धित छ ।

बेलायतमा यो सिद्धान्त प्रतिपादन हुँदाका बखत निकै कम ऐनहरू थिए र त्यसबेला खासगरी कमन ल कै दबदबा थियो । कमन ल ले प्रदान गर्न नसकेको उपचार र सुधारको सट्टामा ऐनहरू बन्ने सन्दर्भमा व्याख्याको यो नियमले जन्म लिएको देखिन्छ । हाम्रो सम्बन्धमा साविक ऐनको साटो नयाँ ऐन आएकोमा वा साविक ऐनमा भएका संशोधनको सन्दर्भमा पुरानो कानुनले हटाउन नसकेको कुन खराबी वा प्रदान गर्न नसकेको नयाँ उपचार प्रदान गर्न यो नियमको सान्दर्भिकता रहन्छ ।

Smith V Hushes (1960)

Street Offences Act 1959 ले वेश्याहरूले सडक गल्लीमा बटुवा ग्राहकहरूलाई लोभ्याउन वा फकाउन)Soliciting) प्रतिबन्ध लगाएको थियो । तर वेश्याहरूले सडकबाट नभई बाल्कोनी बार्दली), कौशीवा (झ्यालबाट सोलिसिट गरेकोमा त्यसलाई सडकबाट फकाएको भन्ने नभन्ने प्रश्न उठ्यो । यसमा Lord Parker भन्छन् –यो ऐनले हटाउन खोजेको दुस्कृति के हो भन्ने म सोचिरहेको छु । सबैलाई के कुरा थाहा छ भने यो ऐनको मुख्य उद्देश्य गल्लीहरू सफा गर्नु याने वेश्याहरूले फकाउन नपाउन)े गर्नुहो अर्थात् (बटुवाहरूलाई बाटोमा हिड्दा बेश्याहरूले नजिस्काउन् र बटुवा स्वतन्त्र हिड्न पाउन् भन्ने हो । यही आधारमा अर्थात् ऐनले हटाउन खोजेको दुस्कृतिलाई ध्यान मा राखी अदालतले बाल्कोनी र झ्यालबाट ट जिस्काएको न्ने मान्यो ।जिस्काइरहेकालाई पनि सडकबा

सम्मानित सर्वोच्च अदालतबाट भएको नजिर

डाके.आई. सिंह ., श्री ५ को सरकार, (ने२०२२का.प. ., पृ(५६ .

अदालतले कुन ऐनको व्याख्या गर्दा ऐनका शब्दार्थ तर्फ मात्र ध्यान नदिई कानुन निर्माताले कुन खराबीलाई हटाउन र कुन मनसाय)intention) लिएर सो ऐन निर्माण गरेको हो, त्यसतर्फ पनि ध्यान दिनु आवश्यक हुनजान्छ ।

डाके.आई. सिंह ., वि(५९पृ २०२२को सरकार (ने.का.प. ५श्री .
स्थापित नियम
अम्बर बहादुर विवाक्यांश लिएर हेर्न नम्बरमा उल्लेखित कुरालाई लिएर व्याख्या २०७चेहर सि.ने.क.प.पृ .
गर्नुपर्ने ।

स्थापित नियम

कृष्णराज वि. पिताम्बर ने.का.प. २०३३ पृ १२३

ऐनको अर्थ गर्दा एक वाक्यांश वा दुई वाक्यांश मात्र अर्थ गर्नु भन्दा समूहमा नम्बरको २ नम्बरसँग सम्बन्ध मरेको अन्य नम्बर वा अन्य महलको समेत मनन गरी अर्थ गर्नु उपयुक्त हुन आउछ

उल्लिखित व्याख्याका सिद्धान्तहरूका अतिरिक्त यस क्षेत्रसँग सम्बन्धित विद्वान्हरूले आ-आफ्ना रचनामा उल्लेख गरेका निम्न सिद्धान्तको आधारमा समेत व्याख्या गर्नु पर्ने भन्ने रहेको छ।

१. आच्छादनको सिद्धान्त,
२. सारतत्त्व ग्रहणको सिद्धान्त,
३. सामीप्य अर्थग्रहणको सिद्धान्त,
४. प्रतिदानको सिद्धान्त,
५. प्राविधिक शब्दको सामान्य अर्थग्रहण सिद्धान्त,
६. सर्वपदियार्थ ग्रहण सिद्धान्त र
७. पृथकीरणको सिद्धान्त,
८. प्रासंगिक अर्थग्रहणको सिद्धान्त,
९. रिदपूर्तिको सिद्धान्त,
१०. विधि घोषणा एवं विधि निर्माणको सिद्धान्त,
११. निर्धारित क्षेत्रको सिद्धान्त,
१२. वैयक्तिक अर्थको नियन्त्रण सिद्धान्त।

यसैगरी (Legal maxim) को सिद्धान्तहरु

(१) पछिल्लो ऐनले बाझिएको हदसम्म अघिल्लो ऐनलाई खारेज गर्दछ,
(२) नयाँ बन्ने ऐन मुलतबी हुन हुँदैन,
(३) लिखतको व्याख्या गर्दा पक्षको मनसायलाई कार्य रूप दिने हिसाबले उदार भएर गर्नुपर्दछ,
(४) असुविधाबाट निकालिएको राय कानुनसरह लागू हुन्छ,
(५) कुनै अनुच्छेदको अर्थ गर्दा सप्रसंग गर्नुपर्छ,
(६) कुनै शब्दको अर्थ गर्दा त्यो शब्दसँग जोडिएका अरू शब्दहरूसँग मिलाएर गर्नुपर्छ,
(७) जुनकुरा स्पष्ट छ, त्यसलाई व्याख्याको आवश्यकता पर्दैन,
(८) साधारण शब्दलाई त्यसले सम्बन्ध देखाउने कुरासँग जोडेर सीमित अर्थ गर्नुपर्दछ,
(९) एउटा कुरा किटान गर्नुको मतलब अर्कोलाई छोडेको हुन्छ,

उच्च अदालत पाटन

(१०) दुईमा एक कुरा छोडेपछि अर्को छोडेको ठहर्छ,
(११) स्पष्ट अर्थ नआउने भनाइ (लेखाइ) काम लाग्दैन,
(१२) लिखतमा उल्लेख भएका शब्दहरूको अर्थ ती शब्द प्रयोग भएका वाक्यांशको अर्थसरह हुन्छ,
(१३) कुनै लिखतलाई राम्रोसँग व्याख्या गर्न त्यो लिखत तयार वा लिखत गर्दा बनाउँदा कुन विचारले गरिएको,
(१४) उदाहरणतः कानुनलाई संकीर्ण बनाउँदैन,
(१५) अपवादले बाहेक गरिएका कुराका लागि नियम सिर्जना गर्दछ,
(१६) निर्णयकर्ताको अधिकारक्षेत्र बाहिरको निर्णय ग्राह्य हुँदैन,
(१७) सामान्य प्रावधान र विशेष प्रावधान बाझेमा विशेष प्रावधान लागू हुन्छ,
(१८) सामान्य शब्दहरूलाई सामान्य अर्थमा बुझ्नुपर्छ,
(१९) कुनै दफाको अर्थ गर्नुपर्दा पूरा ऐनको विवेचना गरेर गर्नु उचित हुन्छ,
(२०) अधिकारयुक्तको विचारलाई कानुनले आधिकारिक मान्दछ,
(२१) असम्भव भन्ने जिकिरलाई कानुनले ग्राह्य ठान्दछ,
(२२) अदालतको काम कानुन सिर्जना गर्ने नभई घोषित गर्ने मात्र हो,
(२३) सामान्य त्रुटिले कानुन बनाउँछ,
(२४) कानुनले निषेध गरेको कुरा गर्नु कानुनको उल्लंघन हो,
(२५) कार्य गर्ने अधिकार दिंदा सो अधिकार प्रयोग गर्न आवश्यक कुरा पनि दिइएको हुन्छ,
(२६) कानुनको प्रतिकूल गरिएको कामको वैधानिकता हुँदैन,
(२७) कानुनका शब्दहरूमा व्यक्त व्यवस्थाको पालना गर्नुपर्दछ,
(२८) कानुन सामान्यतः भइरहने कुराका लागि बनाइएको हुन्छ,
(२९) मिल्दोजुल्दो कुराको सम्बन्धमा गरिएको जिकिर कानुनद्वारा मान्य हुन्छ,
(३०) कानुन जतिसुकै कठिन (कडा) भए पनि प्रचलन गराउनै पर्दछ,
(३१) कानुनको व्याख्या कानुनसरह हुन्छ,
(३२) कानुनले व्यर्थमा कुनै काम गर्दैन,
(३३) एक प्रकारको सम्भावनाको स्पष्ट व्यक्तिकरणले अर्को प्रकारको सम्भावनालाई बहिष्कृत गर्दछ,
(३४) कानुनी शब्दाली वा कानुनले ध्वनित आशय निर्णयात्मक प्रमाण हो,
(३५) तर्क-असंगत शब्द बहिष्कृत गरिनुपर्छ,
(३६) प्राकृतिक कानुन अपरिवर्तनीय हुन्छ,
(३७) कानुनबिना अपराध र द्वन्द्व हुँदैन।

शब्दको परिवेशजनित व्याख्या (Reading words in their context)

शब्दको परिवेशजनित व्याख्याको सिद्धान्तअनुसार कानूनको व्याख्या गर्दा यसको कुनै भागको मात्रै वा कुनै दफाको मात्रै छुट्टै व्याख्या नगरी सिङ्गो ऐनको अध्ययन गरेर सिङ्गो ऐनले के कस्तो र कुन सन्दर्भलाई प्रतिनिधित्व गरेको छ भन्ने कुरा बुझेर व्याख्या गरिन्छ। कुनै शब्दको व्याख्या गर्दा उक्त ऐनका प्रत्येक भाग, दफा वा उपदफामा प्रयोग गरिएको उक्त शब्दको समान अर्थ निस्कनुपर्दछ। एउटै शब्दको एक ठाउँमा भिन्नै अर्थ र त्यही शब्दको अर्को ठाउँमा भिन्नै अर्थ गर्न सकिँदैन। तर, दुई भिन्नाभिन्नै ऐनमा प्रयुक्त भएको एउटै शब्दको अर्थ भने अलग हुन सक्दछ जुन शब्दको सान्दर्भिक व्याख्याको नियमको दायराभित्र पर्दैन भन्ने मान्यता यस सिद्धान्तले बोकेको पाइन्छ।

सम्मानित सर्वोच्च अदालतबाट भएको नजिर

यस सम्बन्धमा डा. नारायणहरि गजुरेल विरुद्ध लोक सेवा आयोग भएको उत्प्रेषण मुद्दामा कुनै शब्द विशेषको सादृश्यले सो शब्दको एउटै वा यो नै अर्थ हो भनी भन्न सकिँदैन। शब्दको अर्थ प्रसङ्गवश हुन्छ र गर्नुपर्दछ। उक्त मुद्दामा शब्दको प्रयोग तथ्यको आधारमा उल्लिखित प्रसङ्गसँग व्याख्या गर्नुपर्ने हुन्छ भन्ने सिद्धान्तको प्रतिपादन गरिएको पाइन्छ ।

हितकारी व्याख्या (Beneficial Construction)

ययमा सामान्यतयः सामाजिक हित र भलाइ गर्ने वा समाजको निश्चित वर्ग, समुदाय वा समूहलाई विशेष छुट सुविधा र हक-अधिकार उपलब्ध गराउने गरी बनाइएका कानून (Social legislation) को व्यवस्था गरिँदा त्यस्तो सामाजिक हित उन्मुख कानूनले दिएको हक, अधिकार, सुविधा र छुटलाई छिन्ने वा खोज्ने गरी कानूनको व्याख्या गर्नुहुँदैन भन्ने मान्यता रहेको पाइन्छ । सम्बन्धित समूहको हितअनुकूल हुने गरी कानूनको व्याख्या गर्दा सोही समूहलाई मध्यनजर राखी गरिनुपर्ने भन्ने व्याख्याको हितकारी नियम हो। म्याक्सवेलका अनुसार कुनै व्याख्या गर्दा हितकारी हुने र नहुने दुई अवस्था सिर्जना भए हित हुने गरी व्याख्याको अवलम्बन गर्नुपर्ने भनी मान्यता लिइएको पाइन्छ।

यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएको नजिर

1. भुवनदत्त जोशी विरुद्ध लोक सेवा आयोग भएको उत्प्रेषण परमादेश रिट निवेदनमा बढुवाबाट वञ्चित व्यक्तिको निवेदनअनुसार अदालतको निर्णयबाट विस्थापित निजामती कर्मचारीको हकमा निजामती सेवा नियमावली, २०५० को नियम ८९ (ख) १ मा भएको कानूनी व्यवस्थाअनुसार बढुवाबाट बञ्चित व्यक्तिले गरेको दाबीअनुसार बढुवा निर्णय बदर गर्दा बढुवा पाएका व्यक्तिको हकमा अन्याय हुन जाने अवस्थालाई मध्यनजर गरी कानूनको हितकारी व्याख्याको सिद्धान्तअनुसार कानूनतः बढुवा पाउनुपर्ने व्यक्तिको हकमा पनि कानूनको उक्त व्यवस्था लागू हुने भन्ने सिद्धान्त प्रतिपादन गरिएको पाइन्छ।

2. निर्मला सोडारी विरुद्ध नेपाल सरकार रहेको बैंकिङ कसुर मुद्दामा जुन कानून पीडितको हितमा हुन्छ, त्यस्तो कानूनको अवलम्बन गर्दा सहीन्याय हुने र पीडितको हितको बारेमा पीडित स्वतः जानकार रहने हुँदा विधायिका निर्मित कानूनअन्तर्गत कानूनी उपचारको बाटोको रोजाइ पनि पीडितको हुने मान्यता रहेको पाइन्छ भनी उल्लेख गरी कानूनले जब उपचारका दुईवटा मार्ग पीडितलाई प्रदान गरेको हुन्छ भने सोमध्ये कुनै मार्ग अवलम्बन गर्ने स्वतन्त्रता पीडितलाई दिएको पाइन्छ ।

व्याख्याका सहायक सिद्धान्त (Subsidiary Rule)

व्याख्याका सहायक सिद्धान्तहरूको प्रयोग कानूनी प्रावधान वा वाक्यांशको समग्र व्याख्या गर्नेमा नभई कानूनमा प्रयुक्त कुनै शब्द मात्रको व्याख्या गर्दा प्रयोग गर्ने गरिन्छ। कुनै कानूनी प्रावधानमा एकभन्दा बढी विषय वा वस्तुको क्रमैसँग वा सूचीगत रूपमा उल्लेख गरिएको छ भने त्यस्तो सूची वा क्रमसंख्यामा प्रयुक्त शब्दले के कस्तो विषयवस्तु जनाउँदछ भन्ने विवादको निरुपण गर्न व्याख्याका सहायक सिद्धान्तको प्रयोग गरिने गरिएको छ। यस्ता सहायक सिद्धान्त सामान्यतया निम्नानुसार रहेका छन्: Ejusdem generis rule, Noscitur a sociis rule, Reddendo Singula Singuli rule, Expressio unius rule, Contemporanea Expositio rule र Construction of words in bonam partem rule आदि हुन।

फौजदारी कानूनको व्याख्याको नियम (Construction of Penal statutes)

माथि उल्लिखित नियमका अलावा फौजदारी कानूनको व्याख्या सम्बन्धमा छुट्टै विशेष व्याख्याको नियमसमेत अवलम्बन गर्ने गरिएको छ। फौजदारी कानूनको व्याख्या गर्दा त्यस्ता प्रयुक्त शब्दको वाक्यांशको वा वाक्यको दुई वा दुईभन्दा बढी अर्थ निस्केमा व्यापक र संकुचित विकल्पमध्ये व्यापक व्याख्यालाई त्यागेर संकुचित विकल्पको अवलम्बन गर्नुपर्दछ। कानूनले अपराध घोषणा गर्न चाहेको विषयभन्दा बढी विषय अपराधभित्र नपरोस् र कानूनले सजाय गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिलाई मिचेर कसैलाई पनि सजाय नहोस् भन्ने मान्यता स्थापित हुन सकोस् र अभियुक्तको पक्षमा फौजदारी कानूनको व्याख्या हुन सकोस् भन्ने सिद्धान्त नै फौजदारी कानूनको कठोर व्याख्याको सिंद्धान्त हो। कसुरमा अभियुक्तलाई सुविधा प्रदान गर्ने यस्तो व्याख्याको नियमलाई Rule of Lenity को नामले पनि चिनिन्छ । हाल नेपालमा प्रचलित मुलुकी अपराध संहितामा व्यवस्था गरेको सिद्धान्त समेतलाई ध्यानमा राखी कानुनको व्याख्या गरिन्छ।

मुलुकी अपराध संहिता 2074 ,मा भएको फौजदारी न्यायको सामान्य सिद्धान्त

१. कानून बमोजिमको काम कसूर नहुने
२. कानून बमोजिम बाहेक सजाय नहुने
३. तथ्यको भ्रममा परी गरेको काम कसूर नहुने
४. एउटै कसूरमा दोहोरो सजाय नहुने

५. स्वच्छ सुनुवाईबाट वञ्चित नहुने

६. आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने

७. कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने

८. बालबालिकाले गरेको काम कसूर नहुने

९. होस ठेगान नभएको व्यक्तिले गरेको काम कसूर नमानिने

१०. मञ्जुरी लिई गरेको काम कसूर नहुने

११.भलाईका लागि मञ्जुरी लिई गरेको काम कसूर नहुने

१२.भलाईका लागि संरक्षकको मञ्जुरी लिई गरेको काम कसूर नहुने

१३.भलाईका लागि मञ्जुरी नलिई गरेको काम कसूर नहुने

१४.असल नियतले दिएको जानकारीबाट क्षति पुगेमा कसूर नहुने

१५.डर त्रासमा परी गरेको काम कसूर नहुने

१६.निजी रक्षाका लागि गरेको काम कसूर नहुने

देवानी कानूनको व्याख्याको सिद्धान्त

सामान्य कानून वा देवानी कानूनमा सम्पत्तिको कुरामा, लेनदेनको कुरामा, करारको कुरा आदिमा भने अवस्था र सन्दर्भ अनुसार न्यायाधीशले आफ्नो तजविजी अधिकारको समेत प्रयोग गरी कसरी न्याय पर्न सक्दछ भन्ने हेरी कानून, सन्दर्भ, अवस्था, आवश्यकता, न्याय जस्ता सबै पक्षलाई विचार गरी घटी–बढी हुन सक्ने गरी पनि अदालती फैसला गर्न सक्ने स्थिति हुनसक्दछ। यसरी शब्दवाद र व्याख्यावाद समेत विधिशास्त्रीय सिद्धान्त मान्यता भएपनि हाम्रो दैनिक सामाजिक, राजनीतिक र आर्थिक जीवनहरूमा समेत त्यो जानीनजानी आईनै रहेको तथा मुलुकी देवानी संहितामा व्यवस्था भएको सिद्धान्त समेतको मध्यनजरगरी व्याख्या गर्नुपर्ने हुन्छ।

मुलुकी देवानी संहिता 2074 ,मा व्यवस्था भएको सिद्धान्तहरु

- कानूनको अज्ञानता क्षम्या नहुने
- सार्वजनिक हित विपरीत हुने गरी काम गर्न नपाउने
- कानून विपरीतको काम अमान्य हुने
- गल्ती गर्नेले क्षति व्यहोर्नु पर्ने
- अरुलाई दुःख दिने गरी काम गर्न नहुने
- गल्तीको फाइदा लिन नपाउने
- हित विपरीतको काम अमान्य हुने
- व्यक्तित्वलाई स्वीकार गर्नु पर्ने

- असल छिमेकीपन कायम गर्नु पर्ने
- देवानी दायिनत्वबाट छुटकारा नपाउने
- कानून विपरीतका प्रथा वा परम्परालाई मान्यता नदिने
- विदेशीको हकमा पनि लागू हुने

संविधानको व्याख्याको नियम (Construction of constitution)

संविधानलाई मूल कानून (Supreme, Fundamental Basic law) मानिन्छ। त्यसैले संविधानको व्याख्या गर्दा संकुचित वा अन्धविश्वासको आधारमा नभई उदार व्याख्या (Liberal Interpretation) गरिनुपर्दछ। संविधान के हुनुपर्छ भन्ने आधारमा नभई के छ भन्ने आधारमा व्याख्या गरिनुपर्दछ। संविधानको व्याख्या गर्दा नवीनतम विकास र परिवर्तनलाई ध्यानमा राखी प्रगतिशील व्याख्या (Progressive Interpretation) गरिनुपर्छ।

सर्वोच्च अदालतको विशेष इजलासबाट लोकभक्त शमशेर ज.ब.रा. विरुद्ध रमादेवी राजभण्डारी भएको जालसाजी मुद्दामा विधायिकी कानून जीवित रहुन्जेलसम्म अदालतकोसमेत पालना गर्नुपर्ने कुरा सर्वमान्य सिद्धान्तको रूपमा रहेको हुन्छ। कानूनमा भएको वैधानिक व्यवस्थालाई अनुमान र तर्कको आधारमा यस्तो हुनसक्छ र यस्तो हुन्छ भनी तर्क गरी खण्डित हुने गरी अर्थ गर्दा विधायिकी मनसाय मर्न जाने हुन्छ। संविधानले प्रतिकूलता नठानेको र कृयाशील रहेको कानूनलाई सरल व्याख्या गर्दा जस्तो अर्थ निस्कन्छ सोही अर्थ लगाउनुपर्ने हुन्छ। आफ्नो अनुकूल व्याख्या गरी त्यसलाई खण्डित गर्नुहुँदैन भन्ने सिद्धान्तको व्याख्या गरिएको पाइन्छ।

त्यसै गरी संविधानको व्याख्या सामान्यतया तीन किसिमबाट गर्न सकिन्छ :

१. ऐतिहासिक व्याख्या (Historical Interpretation): ऐतिहासिक व्याख्याअनुसार अस्पष्टता र अनिश्चिततालाई पहिलेको व्याख्यात्मक आधारको सन्दर्भबाट व्याख्या गर्न सकिन्छ ।

२. समकालीन व्याख्या (Contemporary Interpretation): समकालीन व्याख्याअनुसार वर्तमान परिप्रेक्ष्यमा संविधानको व्याख्या हुनुपर्दछ भन्ने मान्यता रहेको पाइन्छ। त्यसै गरी, संवैधानिक कानूनको व्याख्या गर्दा तत्कालीन परिस्थितिलाई समेत विचार गर्नुपर्दछ ।

३. सामञ्जस्यपूर्ण व्याख्या (Harmonious Interpretation):सामञ्जस्यपूर्ण व्याख्याअनुसार संविधानको प्रावधानलाई अलगअलग रूपमा नभई समग्र रूपमा व्याख्या गर्नुपर्दछ। यसले, कुनै विसंगतिलाई उत्पन्न हुनवाट रोक्दछ ।

भारतको सर्वोच्च अदालतले केशवानन्द भारतीको मुद्दामा संविधानको व्याख्या गर्दा प्रस्तावना संविधानको अभिन्न अंग भएकोले संविधानलाई प्रस्तावनाको आधारमा पढ्नुपर्छ। संविधानको धारा ३६८ बमोजिम संसदलाई संविधान संशोधन गर्ने अधिकार छ तर संसदले संविधानको आधारभूत संरचनालाई परिमार्जन गर्न सकिँदैन भन्ने सामञ्जस्यपूर्ण व्याख्या (Harmonious interpretation) गरिएको पाइन्छ ।

संविधानको व्याख्याको सामान्य नियमहरू निम्नलिखित प्रस्तुत गरिएको छ :

१. यदि शब्दहरू स्पष्ट छन् भने, तिनीहरूलाई पूर्ण प्रभाव दिने गरी व्याख्या गर्नुपर्छ।
२. संविधानलाई समग्रमा पढेर मात्र व्याख्या गर्नुपर्दछ।
३. संविधानको व्याख्या गर्दा सामञ्जस्यपूर्ण व्याख्याको सिद्धान्त लागू गर्नुपर्दछ। संविधानलाई मूल कानुन (Fundamental, basic, supreme law) को रुपमा व्याख्या गरिनुपर्छ संकुचित र अन्धविश्वासको आधारमा नभई उदार व्याख्या (Liberal interpretation) गर्नुपर्छ । समय सापेक्ष नविनतम् विकास र परिवर्तनलाई ध्यानमा राखी प्रगतिशील व्याख्या (Progressive interpretation) गर्नुपर्छ।
४. आदेशात्मक र निर्देशानात्मक व्यवस्था)Mandatory and divectory provision): आदेशात्मक व्यवस्था अक्षरशः पालना गर्नुपर्छ तर निर्देशनात्मक व्यवस्था भावनासम्म परिपालन गरे पुग्छ । तर सम्भव भएसम्म भने आदेशात्मक सरह ठान्नुपर्छ।
५. संवैधानिकाताको प्रश्नसकेसम्म ऐनलाई संविधानसम्मत अनुमान गरी व्याख्या गर्नुपर्छ।
६. बाझिएको ठहर्ने स्थिति भएपनि भरसक पूरा ऐनलाई अमान्य ठहऱ्याउनु हुँदैन।
७. अमान्य र बदर ठहर गर्दा Doctrine of severability अनुसार अर्थात सकेसम्म छुट्याउन सकिने छुट्याएर मात्र बदर वा अमान्य गर्नुपर्छ ।
८. संविधानका धाराहरू आपसमा बाझिएका भनी कुनै धारा बदर गर्नु हुँदैन ।
९. उपचार प्रदान गरेर पुगेसम्म संवैधानिकता र असंवैधानिकताको प्रश्नतर्फ बोल्नु हुँदैन भन्ने Doctrine of last resort लाई मान्यता दिनुपर्छ ।

Ejusdem qureris

यज्ञमूर्ति बन्जाडे विदुर्गादास श्र .ेष्ठ, ने१५७पृष्ठ २०२७का.प. .

Unified Contextual Approach

१. कानुनको व्याख्या गर्दा प्रथमतः वैयाकरणीय वा सामान्य व्याख्या गर्नुपर्छ । शब्दले सामान्य अर्थ किन खोजेको छ भने सामान्य र प्राविधिक शब्द छ भने प्राविधिक अर्थ दिनुपर्छ । शब्दको अर्थ गर्दा ऐनको सामान्य सन्दर्भ)General Context) लाई भुल्न हुँदैन । अझ ऐनको सन्दर्भमा शब्दको अर्थ विस्तार र अर्थ सङ्कुचनको सीमा पहिल्याएर अर्थ गर्नुपर्छ।
२. प्रयुक्त शब्दहरूको सामान्य र व्याकरणगत अर्थ गर्दा ऐनको उद्देश्य विपरितको परिणाम निस्कने भएमा प्रयुक्त शब्दको सामान्य अर्थ नगरी वैकल्पिक वा अर्को अर्थ के दिन सकिन्छ त्यसतर्फ ध्यान पुऱ्याउनु पर्छ।

३. कानुनको व्याख्या गर्दा न्यायाधीशले उसलाई कानुनमा भएका शब्दहरू alter वा ignore गर्ने खास अधिकार छैन भन्ने कुरा भुल्नु हुँदैन।

४. उल्लेखित नियमहरूको परिपालना गर्ने क्रममा न्यायाधीशले व्याख्याको निम्ति सहयोग लिन र अनुमान गर्न सक्दछन् ।

Internal Aids to Interpretation

कानुनको व्याख्या गर्दा ऐनमा भित्रबाटै सहयोग लिएर व्याख्या गरिन्छ । त्यसलाई Internal Aids to Interpretation को रुपमा लिन सकिन्छ । जस्तो लामो शीर्षक, प्रस्तावना, संक्षिप्त नाम र दफा शीर्षक)Long Title, Preamble, Short Title and Headings) बाट सहयोग लिन सकिन्छ ।

Rules of Language

1. Egusdem generis (of the same genus of class nature kind) specific/particular अर्थ दिने शब्दहरू पछि general meaning दिन शब्द प्रयोग भएकोमा general meaning दिन शब्दको साधारण अर्थ नगरी particular र specific शब्दले दिने प्रकार र प्रकृतिको अर्थ लगाउनु पर्छ ।)Maxwell 207)
2. Expression union exclusio alterius (the express of the one things in exclusion of another) Maxwell कुनै खास Class बाट एउटा वा अधिक चिजलाई उल्लेख गरिएको भने त्यही Class को अरुलाई Exclude गरिएको हो भन्ने अर्थ गर्नुपर्दछ । वरिष्ठ अधिवक्तालाई कुनै छुट वा सुविधा दिने व्यवस्था भएकोमा अधिवक्ता पर्दैन।

अन्तमा, व्याख्याको सबभन्दा ठूलो नियम भनेको कानूनको व्याख्या गर्दाbias, prejudice नभई बौद्धिक र आर्थिक इमान्दारी राखी न्यायको मकसदको निम्ति उपाय खोज्नु चाहिँ मुख्य विषय हो। कानूनको व्याख्या विभिन्न देशहरूमा अदालतले आफूलाई सहजता अनुसार छुट्टाछुट्टै व्याख्याका सिद्धान्त अपनाउँदै आएका देखिन्छ। कानूनको व्याख्या गर्नुपर्नाको मुख्य कारण विधायिकी मनसाय पत्ता लगाउनु नै हो। तर अदालती अभ्यास हेर्दा विधायिकी मनसायमध्येमा पनि संकुचित वा अनुदार व्याख्या भन्दा पनि उदार र फराकिला व्याख्यालाई नै अदालतले अपनाएको देखिन्छ। शाब्दिक, स्वर्णिम, दुष्कृति र अन्य जुनसुकै नियम पालना गरे तापनि अदालतको उद्देश्य भने न्यायोचित मनसाय पत्ता लगाउनु नै रहेको देखिन्छ।

मुद्दाको तथ्याङ्कगत विवरण

अदालतहरूको मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण

(२०८२ साल जेठ मसान्तसम्म)

सि.नं	अदालत	लगत			फछ्र्यौट	प्रतिशत	बाँकी	बाँकी मध्येका २वर्ष नाघेका
		जिम्मेवारी	नयाँ दर्ता	जम्मा लगत				
१	उच्च अदालत पाटन	५१६२	१०९९३	१६१५५	१००४३	६२.१७	६११२	१
२	उच्च अदालत पाटन हेटौंडा इजलास	३७४	१२१५	१५८९	११०४	६९.४७	४८५	०
३	काठमाडौं जिल्ला अदालत	२६४८९	२३५५४	५००४३	२२९९८	४५.९६	२७०५८	१६०५
४	भक्तपुर जिल्ला अदालत	३९१८	३९२६	७८४४	४०९९	५२.२६	३७४९	१०४
५	ललितपुर जिल्ला अदालत	३५१८	४१८९	७७०७	४६२५	६०.०१	३०८४	१०
६	काभ्रेपलाञ्चोक जिल्ला अदालत	१३५८	२००१	३३५९	१७८२	५३.०५	१५७७	२२
७	सिन्धुपाल्चोक जिल्ला अदालत	२६०	७४१	१००१	७०८	७०.७३	२९४	४
८	दोलखा जिल्ला अदालत	२०१	४४१	६४२	४२८	६६.६७	२१६	०
९	रसुवा जिल्ला अदालत	२७	११३	१४०	९३	६६.४३	४७	१
१०	रामेछाप जिल्ला अदालत	१३१	३२५	४५६	३२३	७०.८३	१३३	०
११	नुवाकोट जिल्ला अदालत	२५५	७७५	१०३०	७८१	७५.८३	२४९	०
१२	धादिङ जिल्ला अदालत	५३१	९३९	१४७०	१०५५	७१.७७	४१६	०
१३	सिन्धुली जिल्ला अदालत	६५९	८००	१४५९	७६२	५२.२३	६९७	३२
१४	चितवन जिल्ला अदालत	१९५०	४०४५	५९९५	३८१६	६३.६५	२१७९	१२
१५	मकवानपुर जिल्ला अदालत	१५९७	२३१६	३९१३	२४९७	६३.८१३	१४१६	२

लेख उपलव्ध गराइदिनु हुन अनुरोध

उच्च अदालत पाटनको इ-बुलेटिनको आगामी अङ्कका लागि कानून, न्याय र न्यायिक सिद्धान्तसँग सम्बन्धित विषयमा कम्तिमा १५०० शव्ददेखि बढीमा २००० शव्दसम्मका लेख रचनाहरू नेपाली युनिकोड फण्टमा टाइप गरी यस बुलेटिनको ई-मेल ठेगानाः- bulletin.hcpatan@gmail.com मा उपलव्ध गराई दिनु हुन उच्च अदालत पाटन, उच्च अदालत पाटन हेटौंडा इजलास तथा मातहतका अदालतहरूमा कार्यरत माननीय न्यायाधीशहरु, कर्मचारीहरू तथा यस विषयसँग चासो राख्ने विज्ञ व्यक्तित्वहरुमा हार्दिक अनुरोध छ।

इ-बुलेटिन प्रकाशन समिति	
श्यामकुमार भट्टराई, न्यायाधीश	संयोजक
ब्रजेश प्याकुरेल, न्यायाधीश	सदस्य
दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश	सदस्य
श्रीलाल पौडेल, रजिस्ट्रार	सदस्य
लोकचन ढकाल, शाखा अधिकृत	सदस्य
अनितनाथ कायस्थ, सूचना प्रविधि अधिकृत	सदस्य

इ-बुलेटिन सम्पादन समिति
शाखा अधिकृत पार्वती हितान
शाखा अधिकृत संगिता सुवेदी
शाखा अधिकृत लोकचन ढकाल
शाखा अधिकृत हृदयचन्द्र राई
शाखा अधिकृत स्वेता रानाभाट

उच्च अदालत पाटन